मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

जनयुद्धका क्रममा चेस खेलको विशेष महत्त्व थियोः अध्यक्ष दाहाल

समाचार पृष्ठ ५ मा



● वर्ष ३ ● अंक २७७ ● २०८२ साल भाद्र १२ गते बिहीबार ● Thursday 28, August 2025 ● सूर्योदयः बिहान ५:४३ बजे ● सूर्यास्तः साँझ ६:२९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## पागलप्रेमीको क्रूर अपराधः हासिखुशीको दुई परिवार उजाड







**राकेश यादव**
**रौतहट ।**
सबैको मनमुटु, दिमागमा तरंग ल्याउने 'रौतहटको सुटकेशभित्र महिलाको शव काण्ड'का मुख्य आरोपीलाई प्रहरीले सामान्य सोधपुछ पनि गर्न नपाउँदै मृत्युको मुखमा पुगेका छन् । आत्मदाहको प्रयास गरिरहँदा प्रहरीले उद्धार गरेर ल्याएका उनको काठमाडौँ, कीर्तिपुरस्थित बर्न अस्पतालमा बुधबार साँझ मृत्यु भएको हो । आत्मदाहअघि उनले जारी गरेको भिडियो सन्देशले समाजका कैयौँ अध्याँरो पाटोबारे प्रश्न उब्जाएको छ भने उनको यो निर्णयले दुई परिवारको सुखचैन, हासो, खुशी पनि सदाका लागि उजाड भएको छ । परिवारको बिचल्लीका दिनहरु शुरु भएका छन् ।

रौतहटको चर्चित हत्याकाण्ड रुबी कुमारी साहको हत्या आरोपमा बुधवार जलेको अवस्थामा पक्राउ परेका लक्ष्मण पासवानको मृत्यु भएपछि प्रश्नहरु जीवित छन् । समस्या अरु बल्झिँदै गएर परिवारको हासोखुशी पनि लुटिएको छ । बुधबार बिहान ८ बजे रौतहटको माधव नारायण नगरपालिका वडा नम्बर ६ माधोपुरका लक्ष्मन पासवानलाइ प्रहरीले गाउँनजिकै मानपुर बिसुनपुर्बा जाने सडक खण्ड अन्तर्गत नहर नजिकबाट जलेको अवस्थामा नियन्त्रणमा लिएको थिए ।

जिउमा मट्टीतेल खन्याएर आगो लगाएर आत्महत्या गर्ने प्रयास गरेका पासवानलाई प्रहरीले नियन्त्रणमा लिएर उपचारका लागि काठमाडौँ, कीर्तिपुरस्थित बर्न अस्पतालमा पुर्याएकामा उपचारक्रममा बेलुकी ६ बजेतिर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले बताए ।

स्कुलदेखि प्रेम गरेका पासवानले शरीरमा आगो लगाउनुभन्दा पहिला 'कुमारी ज्योति' फेसबुक आइडीबाट हालेको भिडियोमा प्रेमिका रुबी कुमारी साहलाइ घाँटी थिचेर हत्या गरेको स्वीकार गर्दै दुवै जना सँगै मर्ने निर्णय समेत गरेको बताएका थिए । भिडियोमा पासवानले भनेका थिए, 'मेरो जान माथि बाटो पर्खेर बसिरहेकी छन्, म पनि ऊबिना बाँच्न सक्दिनँ, दोषीलाइ कानूनी कारबाही हुनुपर्छ ।'

शनिबार अर्थात् भदौ ७ गते गौर नगरपालिका वडा नम्बर ५ स्थित डेरामा भेट्न आएकी प्रेमिका रुबीले 'मलाई मारिदेऊ' भन्दा झगडा भएका कारण रिसमा रुबीको हत्या गरेको र शब सुटकेशमा हालेको स्वीकार उनले भिडियोमा स्वीकार गरेका छन् । गौर नगरपालिका वडा नम्बर ९ सिर्सिया जाने मुख्य बाटो मुडबलवा गेटदेखि उत्तरमा सुटकेशभित्र रुबी साहको शब बरामद भएको थियो ।

प्रहरी चौकी माधोपुर र जिल्ला प्रहरी कार्यालयको टोलीले बुधबार बिहान उनलाई तत्काल उद्धार गरी अस्पतालमा लगेको थियो । उनको टाउकोसहित शरीरको अधिकांश भाग जलेको र बोल्नसमेत कठिन भएको अवस्था थियो । दिउँसो उनलाई थप उपचारका लागि काठमाडौँ लगिएकोथियो । आत्महत्या गर्न जिउमा आगो लगाउनुअघि रुबी कुमारी साहको हत्या गर्नु पर्ने कारणसहितको ९ मिनेट ३६ सेकेन्डको 'कुमारी ज्योति' फेसबुक आइडीबाट भिडियो अपलोड भएपछि प्रहरीले उनलाई पिछा गरिरहेको थियो । उनको भिडियो सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ ।

भिडियोमा पासवानले आफूहरुको प्रेमकहानीको शुरुदेखि हत्या गर्नेसम्मको बिस्तृत विवरण उल्लेख गरेका छन् । कक्षा ९ मा अध्ययन गर्दा नै उनीहरु घरबाट भागेर भारतको सीतामढी डुमराकोर्टदेखि सर्लाहीको मलङ्ग्वा जिल्ला अदालतमा कानूनी विवाह गरेको जिकिर भिडियोमा गरिएको छ । हिन्दी भाषामा बनाइएको भिडियोमा पासवानले रुबीकी आमा, सखुअवाको राजन महतो र राजु भनिने राजाको नाम लिएर दोष दिएका छन् । उनीहरुको खराबीका कारण आफ्नो सुखी संसार तहसनहस भएको भावुकसँग बताएका छन् ।

मृतक रुबीको बहिनीको घरबार राम्रो भएका, धनदौलत भएको र रुबीको नहुँदा आमाले नै रुबीलाई उक्साएर डिप्रेसनमा पुर्याएको भिडियोमा बताइएको छ ।

आमाले नै रुबीलाई मानसिक रुपमा तनाव दिँदै गालीगलौज गर्दै आएको बताइएको छ । रुबीकी देवरले नुहाउदै गरेको अवस्थामा बनाएको अश्लील भिडियो देखाएर शरिरीक सम्बन्ध बनाउन दबाब दिँदै आएको र आमाकै सहमतिमा शारीरिक शोषण भइरहेकाके पनि भिडियोमा बताइएको छ ।

आफ्नो दाहिना हातमा 'माई हर्ट रुबी कुमारी र छातीमा रुबीको फोटोको ट्याटू' बनाएका पासवानले पैसा, घर, सुनचाँदीका लागि आमाले रुबीलाई परपुरुषसँग यौन सम्पर्क गर्न लगाउने गरेको, प्रेमीको नाम लिएर सधैँ गाली दिने गरेको आरोप लगाएका छन् । आर्थिक अवस्था कमजोर भएका कारण विवाह छुटाएर रुबीलाई भारतमा विवाह गरेको उल्लेख गर्दै पासवानले 'मेरो जान स्वर्गमा बसेर बाटो पर्खिरहेकाले म पनि जान्छु' भन्दै नेपाल पुलिसको पनि प्रशंसा गरेका छन् । उनले भनेका छन्, 'यस्तो आमा कसैलाई नदिनू, दोषीलाइ कडा कानूनी कारबाही गर्न प्रहरीलाइ अपिल गर्दछु ।' प्रेमिकाको हत्यारा भएकाले कानूनले दिनु पर्ने सजाय मञ्जुर नभएकाले आफू पनि मर्ने उनले बताएका थिए । घटना भएका दिन रुबी कोठामा आएकी, रुबीले आमा र देवरले गरिरहेको व्यवहारबारेमा सुनाएकी र दुवै जना कुरा गर्दा झगडासमेत भएको भनेका छन् । उनले 'मलाई मारिदिनु, बाँच्न चाहदिनँ' भन्दा तिमीलाई होइन आफू नै मर्छु भन्दै रुबीलाई घाँटी थिचेर मारेको स्वीकार गरेका छन् ।

इरिक्सा चालक निर्दोष रहेकाले रिहा गरिदिन प्रहरीलाइ अनुरोध गर्दै पासवानले रुबीको आमा, राजन महतो, राजु राजालाइ नछोड्न अपिल गरेको भिडियोमा उल्लेख छ । आत्महत्याको प्रयासअघि पासवानले भिडियोमार्फत दिएको जानकारीअनुसार घटनामा दोषी रुबीको आमा पनि देखिन्छ र पासवानले नाम लिएका व्यक्तिलाई पनि कानूनी दायरामा ल्याउनु पर्ने अवस्था छ ।

प्रारम्भिक अनुसन्धानमा पासवानले नै गौरस्थित भाडाको घरमा रुबीको हत्या गरी शव सुटकेसमा हालेर इरिक्सामा ओसार्ने प्रयास गरेका थिए । तर, इरिक्सा बिग्रिएपछि सुटकेस त्यहीँ छाडेर भागेका थिए । प्रहरीले ५ सय रुपैयाँमा भाडामा गएका रिक्साचालकलाई नियन्त्रणमा लिएर सोधपुछ गर्दा आरोपी पासवानसम्म प्रहरी पुगेको हो । रुबी गौर–२, महादेवपाट्टीमा डेरामा बस्दै आएकी थिइन् । उनी माधवनारायण–६, मधोपुरकी सुनिच्छा देवीकी छोरी हुन् । रुबीको विवाह भारत, बिहार, मुजफ्फरपुरका शिवकुमार साहसँग भएको थियो । उनको ४ वर्षको छोरा छ । पति भारतमा भए पनि छोरा पढाउन ४ वर्षदेखि रुबी नेपालमै थिइन् । लक्ष्मन पासवानले सल्लाहमै रुबीले डेरा लिएको र मन लागेको बेला भेट्ने गरेको बताएका छन् । मुख्य आरोपीले उपचारपछि बयान दिनसक्ने अवस्थामा घटनाबारे थप खुल्ने थियो तर उपचारक्रममा मुख्य आरोपीको मृत्यु भएको छ ।

### परिवारको बिचल्ली



*विवाहपछि पनि पत्नी र छोरालाई माइतीकै आश्रयमा बस्न दिएर विश्वास गरेका शिवकुमार साहको परिवार भताभुंग भएको छ । ४ वर्षीय छोरा आमाविहीन भएका छन् । माइतीको आश्रयमा बसिरहेकी पत्नीको यो अवस्था भएपछि शिवकुमार साह पनि बेचैन भएका छन् । यता, बुधबार नै रौतहटका पत्रकारहरुले लक्ष्मण पासवानको परिवारको तस्बिर पनि सार्वजनिक गर्दै भनेका छन्, 'एउटा पागल प्रेमीको सनकले दुई परिवार उजाड भएको छ, बिचल्लीमा परेको छ ।'*
*रौतहटका पत्रकार रमेश यादवले सार्वजनिक गरेको तस्बिरमा लक्ष्मण पासवानको परिवारका ८ जनाको बिचल्ली हुने लेखिएको छ । पासवानका आमाबुबा, पत्नी र पाँचजना छोराछोरीको तस्बिर सार्वजनिक भएको छ । बाल्यकालमा बसेको मायाले हुँदाखाँदाको घरबार उजाड मात्र भएको छैन, ती ८ जनाको पनि परिवारका अभिभावक गुमेकाले बिचल्ली हुने भन्दै पत्रकारहरुले चिन्ता व्यक्त गरेका छन् ।*

## नियन्त्रणमा आउँदै हैजा घरघरमा स्वास्थ्यकर्मी



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा देखिएको हैजा, आउँ र झाडापखालाजस्ता संक्रामक रोगको जोखिमलाई मध्यनजर गर्दै महानगरपालिकाले जनचेतनामूलक घरदैलो अभियान व्यापक बनाउँदा हैजा नियन्त्रणमा आउँदैछ । स्वास्थ्यकर्मीको टोली बुधबार मेयर राजेशमान सिंहको निवासमै पुगेको थियो भने टोलीले मेयर सिंह र उनको परिवारलाई प्रत्यक्षरूपमा रोग नियन्त्रणका उपायबारे जानकारी दिँदै सुरक्षित खानेपानी, सरसफाइ र व्यक्तिगत स्वच्छतालाई प्राथमिकतामा राख्नुपर्ने सन्देश दिएका थिए ।

स्वास्थ्यकर्मीले विशेष रूपमा खानेपानी उमालेर वा पियुष (क्लोरिन) प्रयोग गरेर मात्र सेवन गर्नुपर्ने, खाना ढाकेर राख्ने, फोहर खुला स्थानमा फ्याँक्ने काम नगर्ने, दिसा–पिसाब खुला ठाउँमा नगर्ने, साबुनपानीले हात धुने बानी बसाल्ने जस्ता सन्देशघरमै गएर बुझाइरहेका छन् ।

मेयर सिंहले स्वास्थ्यकर्मीको टोलीलाई धन्यवाद दिँदै अभियान अझ प्रभावकारी बनाउन महानगर हरतरहले लागिरहेको बताए । 'हामी सबै मिलेर संकटलाई जित्नुपर्छ, महानगरले आवश्यक औषधी, पियुष, खानेपानी परीक्षण, सरसफाइ र जनचेतनाका कार्यक्रमलाई निरन्तरता दिइरहेको छ,' उनले भने, 'नागरिकको सक्रियताबिना अभियान सफल हुन सक्दैन ।'

महानगरले लामखुट्टे नियन्त्रणका लागि स्प्रे र फगिङ, नाला सफाइ, खुला ढल व्यवस्थापन र सरसफाइ अभियानलाई एकैपटक ३२ वटै वडामा शुरु गरेको छ । स्वास्थ्य शाखा प्रमुख राजु साहका अनुसार हालसम्म धेरै परिवारमा टोली पुगिसकेको छ र अभियानलाई दैनिकरूपमा निरन्तरता दिइँदैछ ।

#### खानेपानी शुद्धिकरणमा प्राथमिकता

वीरगंजमा फैलिएको झाडापखाला र हैजाको जोखिमलाई ध्यानमा राख्दै वीरगंज महानगरपालिकाले खानेपानी शुद्धिकरणलाई प्राथमिकतामा राखेको छ । महानगरले विभिन्न स्थानमा राखिएका ट्यांकीमा ट्यांकरमार्फत पु¥याइने पानीलाई क्लोरिन झोल र ब्लिचिङ पाउडर प्रयोग गरेर निर्मलीकरण गरेर मात्रै वितरण गर्दै आएको छ ।महानगरको वातावरण निरीक्षक प्रकाश ऐरका अनुसार फोहोर वा दूषित पानीकै कारण हैजा, टाइफाइडसहित अन्य पाचनसम्बन्धी रोग फैलने सम्भावना उच्च हुन्छ । ब्लिचिङ पाउडर पानीलाई सुरक्षित बनाउने प्रभावकारी उपाय मानिन्छ । यसले पानीमा क्लोरिनमुक्त गराएर हैजा र टाइफाइड जस्ता रोगका जीवाणुहरूलाई तुरुन्तै नष्ट गर्ने भएकाले लामो समयसम्म सुरक्षित रूपमा प्रयोग गर्न सकिन्छ ।

#### बारामा पनि हैजा

जिल्ला स्वास्थ्य कार्यालय बाराका प्रमुख रामनरेश यादवका अनुसार कलैया अस्पतालमा उपचाररत एक जना झाडापखालाका बिरामीमा बुधबार हैजा संक्रमण पुष्टि भएको छ । उनी कलैया नगरपालिका–१८ पचौराका करिब ५५ वर्षीय पुरुष हुन् ।

उनी हैजाको प्रकोप फैलिएको छिमेकी जिल्ला पर्साको वीरगंजमा काम गर्दै थिए । घरबाटै उनी काम गरेर आउजाउ गर्दै आइरहेका थिए ।

तर आइतबार अचानक झाडापखालाको समस्या देखिएपछि उनी उपचारका लागि कलैया अस्पतालमा भर्ना भएका थिए । यादवका अनुसार उनीमा हैजा संक्रमण पुष्टि भएसँगै उनको गाउँघरमा स्वास्थ्यकर्मी पठाएर अरू व्यक्तिमा झाडापखालाको लक्षण छ कि छैन भनेर अनुगमन गर्ने काम भएको छ । साथै स्वास्थ्यकर्मीको टोलीले झाडापखला र हैजा संक्रमणबारे जनचेतना फैलाउने काम गरिएको उनले बताए ।

वीरगंजसँग सीमा जोडिएका बाराका पालिकाहरूमा पनि स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी निगरानी बढाइएको छ । बाराको विश्रामपुर, पर्सौनी, परवानीपुर र फेटा गाउँपालिकामा निगरानी बढाइएको छ ।

#### पोखरियामा पनि देखियो

पर्सामा वीरगंजपछि पोखरियामा पनि हैजा संक्रमण पुष्टि भएको छ । पोखरिया अस्पतालमा झाडापखलाका लक्षण देखिएका पाँच जना बिरामीको परीक्षण गर्दा मंगलबार तीन जनामा हैजा संक्रमण पुष्टि भएको हो ।

## भारतीयले पाँच हजार डलरको सुविधा पाउने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्र बैंकले भारतीय नागरिकले नेपाल भ्रमणका क्रममा पाँच हजार डलर बराबरको भारतीय रूपैयाँ लिएर आउन पाउने व्यवस्था गरेसँगै सीमावर्ती क्षेत्रका पर्यटन व्यवसायी उत्साहित भएका छन् ।

यसअघि २५ हजार भारतीय रूपैयाँ मात्रै ल्याउन पाउने प्रावधानप्रति व्यवसायीको गुनासो थियो । सङ्घीय सरकारले जेठ १५ गते ल्याएको चालु आर्थिक वर्षको बजेटमार्फत हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने पाँच हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा वा ट्राभलर्स चेक ल्याउन पाउने व्यवस्था गरेको हो ।

राष्ट्र बैंकले भदौ १० गते सार्वजनिक सूचना जारी गरी नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा अमेरिकी पाँच हजार डलरसम्म ल्याउने प्रावधान रहेको जनाएको छ ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्तले राष्ट्र बैंकले भारतीय पर्यटकलाई भन्सार घोषणा नगरीकनै पाँच हजार डलर बराबरको भारतीय रूपैयाँ ल्याउन पाउने प्रावधानले यहाँको पर्यटन व्यवसायीलाई राहत मिल्ने बताए ।

वीरगंजमा चारवटा तारे होटेलसहित ८५ भन्दा धेरै होटल छन् । तर, अपेक्षाकृत रुपमा पर्यटकको बसाइँ लम्ब्याउन सकिएको थिएन । यहाँको पर्यटन क्षेत्र आन्तरिक र सीमा क्षेत्रका भारतीय पर्यटककै कारणले धानिरहको व्यवसायी बताउँछन् ।

# गौर नगरपालिकामा जग्गा कित्ताकाट खुल्यो

**मधेशदृष्टि**
**रौतहट ।**

रौतहटको गौर नगरपालिकामा लामो समयपछि जग्गाको कित्ताकाट खुलेको छ । भू–उपयोग ऐन २०७६ र भू–उपयोग नियमावली २०७९ बमोजिम जग्गाको वर्गीकरणसहितको प्रतिवेदन पारित गरेपछि कित्ताकाट खोलिएको गौर नगरपालिकाले जनाएको छ । २०८२ साउन १ गतेदेखि रोक्का गरिएको कित्ताकाट प्रक्रिया अब नियमितरूपमा अघि बढ्ने भएको हो । नगरपालिकाका भवन तथा आवासीय विकास उपशाखाका अमिन सुधिर यादवका अनुसार जग्गाको वर्गीकरण प्रक्रिया पूरा भएसँगै कृषि तथा गैर–कृषि



क्षेत्रमा छुट्याएर नक्सा अद्यावधिक गरिएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुभाषकुमार ठाकुरले मालपोत कार्यालय र नापी कार्यालय गौरमा वर्गीकरण प्रतिवेदन, अद्यावधिक नक्सा तथा सफ्टकपी बुझाइसकिएको बताए । सोही आधारमा नगरपालिकाका सबै वडामा जग्गा कित्ताकाट गर्न पाइने भएको हो । कृषि प्रयोजनका जग्गामा दुई कठाभन्दा कम र आवासीय प्रयोजनका जग्गामा ७ दशमलव ७५ धुरभन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न नपाइने व्यवस्था गरिएको छ ।

भू–उपयोग नियमावली २०७९ जारी भएपछि स्थानीय तहलाई जग्गा वर्गीकरण गर्ने अधिकार दिइएको थियो । नियमावलीअनुसार ६ महिनाभित्र वर्गीकरण सक्नुपर्ने व्यवस्था भए पनि अधिकांश स्थानीय तहले जनशक्ति र प्रविधिको अभाव देखाउँदै तोकिएको समयमा काम सम्पन्न गर्न सकेनन् । त्यसपछि थप एक वर्ष समय दिइयो । दुई पटक समय थप्दा पनि वर्गीकरण पूरा नगरेका स्थानीय तहमा यस वर्ष साउन १ गतेदेखि कानुनअनुसार कित्ताकाट रोक्का गरिएको हो । रौतहटकै गढिमाइ, कटहरिया, गरुडा, बौधीमाइ र मौलापुर नगरपालिकामा भने अझै कित्ताकाट खुल्न सकेको छैन । यी पालिकाले वर्गीकरण प्रतिवेदन नगरपालिकामा पेस नगरेका कारण कानुनी रूपमा प्रक्रिया रोकिएको हो । गौर नगरपालिकामा कित्ताकाट खुल्न थालेपछि स्थानीयवासीले जग्गा कारोबार, आवासीय योजना र कृषिमा सहज हुने विश्वास व्यक्त गरेका छन् ।

# कबाड व्यवसायीलाई सुकुम्बासीको साथ



**मधेशदृष्टि**
**काठमाडौँ ।**

काठमाडौँ महानगरपालिकाको ज्यादतीबिरुद्ध कबाड व्यवसायीले बुधबार तेस्रो दिन पनि आन्दोलन जारी राखेका छन् । भृकुटीमण्डपबाट शुरु भएको कबाड व्यवसायीको प्रदर्शनपछि कमलादीस्थित काठमाडौँ महानगरपालिकाको कार्यालय घेराउ गरेको छ ।

कबाड व्यवसायी संघर्ष समितिका अध्यक्ष रामकेबल गुप्ताले सर्वोच्च अदालतको आदेश विपरीत काठमाडौँ महानगरका प्रमुख बालेन्द्र शाहले कबाड व्यवसायीमाथि ज्यादती गरिरहेकाले शान्तिपूर्ण आन्दोलनमा उत्रिएको बताए । सर्वोच्चको आदेश पालना गर्नुपर्ने र कबाड व्यवसायीलाई शान्तिपूर्ण वातावरणमा व्यवसाय गर्नदिनुपर्ने माग गरे ।

'सर्वोच्च अदालतको आदेश विपरीत काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहले कबाड व्यवसायमा तोडफोड सहितको अत्याचारबिरुद्ध कबाड व्यवसायीले शान्तिपूर्ण आन्दोलन गरिरहेको छ,' गुप्ताले भने, 'सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्नुपर्ने र हामीले शान्तिपूर्ण वातावरणमा व्यवसाय गर्न पाउनुपर्ने हाम्रो माग हो । यस बिषयमा वारपार गरेरै हाम्रो आन्दोलन स्थगित हुन्छ ।'

सर्वोच्च अदालतले दिएको आदेशको पालना गर्ने प्रतिबद्धता बालेनले नगरेसम्म शान्तिपूर्ण आन्दोलन जारी रहने उनले बताए । कानूनको पालना गर्ने प्रतिबद्धता बालेनले नगरेसम्म आन्दोलन जारी रहने उनले बताए ।

शान्तिपूर्ण आन्दोलन गरिरहेका आन्दोलनकारीलाई
काठमाडौँका सुकुम्बासीले पनि साथ दिएका छन् । आमसुकुम्बासी तथा अव्यवस्थित बसोबास मोर्चाका अध्यक्ष कालबहादुर विकले कबाड आन्दोलनप्रति एक्यबद्धता व्यक्त गर्दै आन्दोलनलाई समर्थन गरेका छन् । उनले कबाड, सुकुम्बासी लगायत सबै मिलेर बालेनको गैरकानून कामको कडा रुपमा बिरोध गर्नुपर्ने बताए ।

# पोखरियामा वृक्षारोपण कार्यक्रम सम्पन्न

**राजन कुमार बानिया**
**वीरगंज ।**

नेकपा एमालको भ्रातृ संगठन राष्ट्रिय युवा संघ नेपाल पोखरिया नगरपालिका कमिटीले बुधबार पोखरिया–३ स्थित जिल्ला उचाँगल रामदेव कलवार माध्यमिक विद्यालयमा वृक्षारोपण गरेको छ । कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय सचिव इन्जिनियर मोबिन आलम रहेका थिए भने नगर कमिटी अध्यक्ष दिपु पटेलको अध्यक्षतामा कार्यक्रम सञ्चालन गरिएको थियो । संघले विभिन्न प्रजातिका करिब २ सय वटा विरुवा रोपिएको राष्ट्रिय युवा



संघ नेपाल पर्साका जिल्ला अध्यक्ष सुभाष साहले जानकारी दिए । सो अवसरमा पोखरिया नगरपालिकाका नगर प्रमुख प्रदुमन प्रसाद चौहान, पूर्वप्रदेशसभा सदस्य प्रहलाद गिरी, उपप्रमुख रुबि ठाकुर, राष्ट्रिय युवा संघ नेपाल केन्द्रीय पर्यटन तथा संस्कृति विभाग सदस्य सुजित गिरि, नेकपा एमाले जिल्ला सचिवालय सदस्य तथा युवा फाँट प्रमुख अरुण यादव, युवा नेता कौशल किशोर, राष्ट्रिय युवा संघ नेपालका पर्सा जिल्ला अध्यक्ष सुभाष साह, सचिव राकेश राजा, नगर कमिटी अध्यक्ष बिंध्याचल ठाकुर, सचिव सन्तोष गिरी लगायतका नेतागण, स्थानीय अगुवाहरु, बुद्धिजीवी, अभिभावक, शिक्षक तथा विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । वृक्षारोपणले वातावरण संरक्षणमा महत्वपूर्ण योगदान गर्ने भएकाले यसमा सबैको सक्रिय सहभागिता अपरिहार्य रहेको वक्ताहरूले बताएका थिए । साथै, उनीहरूले युवापुस्तालाई सामाजिक कार्यमा अग्रसर रहन आग्रह गरेका थिए ।




# जसपा नेपालका नेता टुटु बाबुको निधन

**मधेशदृष्टि**
**सप्तरी ।**

जनता समाजवादी पार्टी नेपालका नेता दिपक कुमार यादव (टुटु बाबु) को निधन भएको छ । सप्तरीको महादेवा गाउँपालिका निवासी ७५ वर्षीय यादवको बुधवार उपचारका



क्रममा विराटनगरमा निधन भएको परिवारजनले जनाएको हो ।

महादेवा गाउँपालिकाका निर्वतमान अध्यक्ष एवम् जसपा नेपालका केन्द्रिय सल्लाहकार समिति सदस्य समेत रहेका उनी केही समय यता अस्वस्थ भई उपचारका लागि विराटनगर पुगेका थिए । उनको निधनले जसपा नेपालमा एउटा इतिहास गुमेको र पार्टीलाई अपुरणिय क्षती पुगेको जसपा नेपालका केन्द्रीय सचिव शैलेन्द्र प्रसाद साहद्वारा जारी शोक वक्तव्यमा उल्लेख छ । उनको पार्थिव शरिर बुधवार नै गाउँमा ल्याइएको तथा घरमा धार्मिक संस्कार तथा अन्तिम श्रद्धाञ्जली लगायतका विधि सकाएर बिहीवार अन्त्येष्टि गरिने छोरा अभिनवले जानकारी दिए । बुधवार नै जसपा नेपाल सप्तरीका अध्यक्ष केदार प्रसाद यादवले पनि शोक वक्तव्य जारी गर्दै यादवको निधनले पार्टीले एउटा अभिभावक गुमाएको जनाएको छ ।

# २३ जिल्लामा नयाँ इलाका प्रशासन कार्यालय स्थापना हुने

**राजिव साह**
**सर्लाही ।**

सेवा प्रवाहलाई सहज र सरल बनाउन सरकारले एकैपटक २३ जिल्लामा नयाँ इलाका प्रशासन कार्यालय स्थापना गर्ने भएको छ । मन्त्रिपरिषद् बैठकले इलाका प्रशासन कार्यालय स्थापना सम्बन्धी प्रस्तावलाई प्रशासन समितिमा पठाएको छ । यसअन्तर्गत सर्लाहीको बलरासहित ताप्लेजुङको सिरिजंगा, खोटाङको हलेसी, ओखलढुंगाको घोराखोरी, सिरहाको सुखिपुर, धनुषाको धनुषाधाम, पर्साको पोखरिया, सिन्धुलीको दुधौली, काठमाडौंको टोखा, डोल्पाको धो, मुगुको खत्याड, कालिकोटको रास्कोट, बाजुराको कोल्टी, बझाङको देउरा, अछामको साफेबगर, डोटीको विपिनगर, दार्चुलाको गोकुलेश्वर, बैतडीको मेलौली, संखुवासभाको हेदङ्गवा, रुपन्देहीको गैडहवा, तनहुँको भिमाद, अर्घाखाँचिको सितगंगा र चितवनको खैरहनीमा नयाँ कार्यालय स्थापना गरिने भएको हो । गृह मन्त्रालयका अनुसार जनसंख्या, भौगोलिक सुगमता र पहुँचमा देखिएको असमानतालाई समाधान गर्दै नागरिकलाई सेवा नजिकै उपलब्ध गराउनका लागि यो कदम चालिएको हो । मन्त्रालयले आगामी दिनमा आवश्यकता अनुसार थप इलाका प्रशासन कार्यालय स्थापना गर्ने योजना पनि अघि सारेको छ ।

# पाँच सय बिघा खेतमा सिँचाइ

**मधेशदृष्टि**
**सप्तरी ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा खडेरीको मारमा परेका किसानलाई राहत दिने उद्देश्यले जीताखोलामा अस्थायी बाँध बाँधिएको छ । गाउँपालिका–५ कुशहास्थित जीताखोलामा करिब २५ मिटर लामो बाँध निर्माण गरी वडा नं. ४ र ५ का किसानका करिब पाँच सय बिघा धानबालीमा सिँचाइ पुर्याइएको हो । वडा नं. ५ का अध्यक्ष ललनप्रसाद राउतको पहलमा स्थानीयवासीको सक्रियतामा गरिएको अस्थायी बाँध निर्माणपछि खेतमा पानी पुगेको गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले जानकारी दिए । उनका अनुसार वर्षा कम भएको कारण किसानहरू धानबाली सुक्ने चिन्तामा रहेका बेला खोलाको पानी खेतमा पुर्याइएपछि ठूलो राहत पुगेको हो । 'धान रोपाइँ भइसकेको थियो तर पानी नहुँदा रोपो सुकेको थियो । खोलाबाट पानी आएपछि हरियो फर्किएको छ,' अध्यक्ष मण्डलले भने । वडा नं. ४ का अध्यक्ष मुनिलाल मुखियाले पनि



धानबाली जोगिन थालेको उल्लेख गर्दै किसानहरूको अनुहारमा खुशी फर्किएको बताए । यसअघि चार दिनअघि गाउँपालिकाले खाँडो खोलामा अस्थायी बाँध निर्माण गरी वडा नं. १ तिलाठी र वडा नं. २ लौनियाँका पाँच सय बिघाभन्दा बढी खेतमा सिँचाइ पुर्याएको थियो ।

विपद् व्यवस्थापन अधिकृत राजेशकुमार झालका अनुसार जीताखोलाबाट सिँचाइ पुगेसँगै चार वडाका धानबाली जोगिने भएका छन् । 'खडेरीका कारण पीडित किसान अहिले उत्साहित भएका छन् । सुकेको धानबाली फेरि हरियो हुँदै गएको छ,' उनले भने । कृषि प्रधान सप्तरी जिल्लामा यस वर्ष पर्याप्त वर्षा नहुँदा किसानले धानबाली सुक्ने डर खेपिरहेका थिए । स्थानीय तहको पहलमा बनाइएको अस्थायी बाँधले अहिले धानबालीलाई जोगाएको छ भने किसानलाई असार–सावनको खडेरीबीच राहत दिलाएको छ ।

# बारामा सतप्रतिशत धान रोपाइँ सम्पन्न

**बारा ।**
बारा जिल्लामा चालु आर्थिक यस वर्षमा सतप्रतिशत वर्षे रोपाइँ भएको छ । यसवर्ष कूल ४६ हजार २० हेक्टर क्षेत्रफलमा वर्षे धान रोपाइँ गर्ने लक्ष्य लिइएको थियो ।
पर्याप्त मात्रामा पानी नपर्नु, खडेरी लाग्नुलगायत कारणले रोपाइँ ढिलो भएपनि सतप्रतिशत खेतीयोग्य जमिनमा खेती गरिएको यहाँस्थित कृषि ज्ञान केन्द्रका प्रमुख राजनारायण साहले जानकारी दिए । उनका अनुसार यस वर्ष जिल्लामा हर्दिनाथ, चैते–१, चैते–२, चैते–४, राधा–४, सोनामन्सुली, राधा–११, राधा–९, राधा–७ लगायत जातका धान रोपिएका छन् । पटकपटक परेको वर्षाका कारण धान रोपाइँमा सुधार भई खेती सप्रिएकाले उत्पादनमा कमी नहुने केन्द्रका अर्थविज्ञ गणेश महराले विश्वास व्यक्त गरे । उनका अनुसार गत आवमा कृषकले कूल ४६ हजार २० हेक्टर क्षेत्रफलमा वर्षे धानखेती गरेकामा ६ अर्ब २८ करोड १९ लाख २८ करोड ९ लाख ३२ हजार बराबरको १ लाख ९३ हजार २८४ मेट्रिकटन धान उत्पादन भएको थियो । रासस

# सिँचाइ अभावमा धान सुक्दै रौतहटका किसान आन्दोलित



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको यमुनामाई गाउँपालिका अन्तर्गत राजपुर तुलसी र भेडियाही क्षेत्रका किसानहरूले सिँचाइको अभावमा धान खेती सुक्दै गएको भन्दै बुधबार गौर–चन्द्रपुर सडक खण्ड अवरुद्ध गरेका छन् । धान बाली सुक्दै गएकाले पटक–पटक सम्बन्धित निकायलाई आग्रह गरे पनि कुनै पहल नभएको आरोप किसानहरूले लगाएका छन् । उनीहरूले जिल्ला प्रशासन कार्यालयमा पटक–पटक ज्ञापनपत्र बुझाए पनि प्रशासनले सुनुवाइ नगरेपछि बाध्य भएर सडकमा उत्रिनु परेको बताए । सडक अवरोधमा सहभागी यमुनामाई गाउँपालिका–२ का वडा अध्यक्ष सिताराम यादवले किसानहरूको मागलाई राज्यले बेवास्ता गरेको आरोप लगाउँदै भने, 'सिँचाइका लागि नहरमा पानी ल्याइदिन जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराएका थियौं । तर, अझैसम्म प्रक्रिया अगाडि नबढ्दा किसानहरू आक्रोशित भएका छन् ।' सडक अवरोधका कारण गौर–चन्द्रपुर सडक खण्डमा आवतजावत गर्ने सवारीसाधन बीचमै रोकिएका थिए । लामो दूरीका बस तथा मालवाहक गाडी घण्टौंजसो अलपत्र परे भने स्थानीय यात्रुहरूलाई समेत गन्तव्यमा पुग्न कठिनाइ भएको थियो । किसानहरूले तत्काल प्रभावकारी पहल नगरे सरकारविरुद्ध थप कडा आन्दोलनमा जाने चेतावनी दिएका छन् । 'धान खेती सुक्न लागेको छ, हाम्रो पीडा कसैले देखेको छैन । माग पूरा नभएसम्म आन्दोलन जारी राख्छौं,' आन्दोलनमा सहभागी किसानहरूको भनाइ छ । स्थानीयका अनुसार यस क्षेत्रका प्रमुख सिँचाइ नहरहरू लामो समयदेखि मर्मत–सम्भार नहुँदा प्रयोगविहीन जस्तै बनेका छन् । वर्षामा पानी भरिए पनि वितरण व्यवस्थापन अभावले खेतीमा समयमै सिँचाइ पुग्न सकेको छैन ।

# प्रदेश सांसद यादवद्वारा गणेश मन्दिर शिलान्यास



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जसपा नेपालका नेता तथा मधेश प्रदेश सभा सदस्य रामअशिष यादवले गणेश चतुर्थीको अवसरमा औरही गाउँपालिका–१ पौडेश्वर पुरनदेहियामा गणेश मन्दिरको शिलान्यास गरेका छन् । सिद्धि विनायक विघ्नहर्ता भगवान गणेशको जन्मोत्सवकै दिन आयोजना गरिएको विशेष कार्यक्रममा सांसद यादवले स्थानीयवासीको लामो आकांक्षा पूरा हुने विश्वास व्यक्त गर्दै मन्दिरले शिक्षा, संस्कार, समृद्धि र धार्मिक पर्यटकीय प्रवद्र्धनमा योगदान दिने बताए । स्थानीय बासिन्दाहरू विगत लामो समयदेखि पुरनदेहिया गाउँमा भगवान गणेशको भक्ति–श्रद्धापूर्वक पूजा–अर्चना गर्दै आएका छन् । यसपटकको जन्मोत्सवलाई अवसर बनाएर स्थायी मन्दिर निर्माणको कार्य अघि बढाइएको आयोजकहरूले जनाएका छन् । शिलान्यास समारोहमा औरही गाउँपालिका–१ का वडा सदस्य एवम् ज्येष्ठ नागरिक रामअशिष यादव, युवा नेता राम बिहारी यादव, समाजसेवी प्रमोद यादवलगायत स्थानीयबासीको उल्लेखनीय सहभागिता थियो । सांसद यादवले धार्मिक आस्था र सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीयको सक्रियता महत्वपूर्ण हुने भन्दै मन्दिर निर्माण कार्यमा सहयोग गर्न सबैलाई आग्रह गरे ।

# वीरगंजकी दुई छात्रा वक्तृत्व प्रतियोगिताका लागि थाइल्यान्ड प्रस्थान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका दुई प्रतिभाशाली छात्रा सारा श्रेष्ठ र स्वरा झा प्रतिष्ठित अन्तर्राष्ट्रिय अङ्ग्रेजी वक्तृत्वकला प्रतियोगिता 'माइक अप' को सेमिफाइनल चरणमा सहभागी हुन बुधवार थाइल्यान्ड प्रस्थान गरेका छन् ।
नेपालमा सम्पन्न प्रारम्भिक छनोट चरणमा उत्कृष्ट प्रदर्शन गर्दै उनीहरूले बैंककमा हुने सेमिफाइनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएका हुन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) पर्साका जिल्ला सदस्य सुशील केसीले सारा र स्वरालाई ढाका टोपी र राष्ट्रिय झण्डा ओढाएर औपचारिक बिदाइ गरे । सो अवसरमा गौतम स्कूलका शिक्षक एल्बिन रेन्जरलाई पनि बिदाइ गरिएको थियो । केसीले अन्तर्राष्ट्रिय मञ्चमा पर्सा जिल्ला र नेपालको नाम उच्च राख्ने अवसर प्राप्त हुनु गर्वको विषय भएको बताए ।
'छात्राहरूको मेहनत र आत्मविश्वासले पक्कै पनि देशको शिर उचाल्नेछ,' उनले भने । भदौ ११ देखि १५ गतेसम्म बैंककमा हुने यो प्रतियोगितामा विश्वभरका युवाले सामाजिक, सांस्कृतिक र शैक्षिक विषयमा आफ्ना विचार प्रस्तुत गर्नेछन् । वीरगंज–३ निवासी सारा श्रेष्ठ, राजबहादुर श्रेष्ठ र सिता थापा श्रेष्ठकी छोरी हुन् । नेशनल इन्फोटेक कलेजमा कक्षा १२ अध्ययनरत सारा वरिष्ठ (सिनियर) विधामा छनोट भएकी छन् । संस्थापक निर्देशक मनिष सिंहका अनुसार साराको प्रस्तुति शैली, वाक्पटुता र भाषामा रहेको गहिरो पकड उनको बल हो । यसले उनलाई फरक पहिचान दिलाएको छ । यस्तै, वीरगंज–१२ निवासी स्वरा झा, रवीन्द्र झा र अनामिका झाकी छोरी हुन् । गौतम स्कूलमा कक्षा ९ मा अध्ययनरत स्वरा कनिष्ठ (जुनियर) विधामा छनोट भएकी छन् । विद्यालयका संयोजक सौराज प्रधानले स्वराको निरन्तर मेहनत र वक्तृत्वकला प्रगतिप्रतिको समर्पणको प्रशंसा गर्दै अन्तर्राष्ट्रिय स्तरमा पनि उनले उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । छात्राहरूको सम्पूर्ण यात्रा र बसाइँको खर्च माइ सेकेन्ड टिचर संस्थाले बेहोरेको छ । संस्थाका प्रतिनिधि जापा वैद्यले सारा र स्वरालाई आवश्यक प्रशिक्षण र मार्गदर्शन दिइएको जानकारी दिँदै 'उनीहरूले नेपालको गौरव बढाउनेमा हामी ढुक्क छौँ,' भने ।
सेमिफाइनलमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई चीनमा हुने फाइनल चरणमा सहभागी हुने अवसर प्राप्त हुनेछ । त्यसैले सारा र स्वराको प्रदर्शनले नेपाल मात्र होइन, चीनसम्म पुग्ने बाटो पनि खोल्न सक्छ । वीरगंजका स्थानीय समुदाय, शिक्षक र सहपाठीहरूले दुई छात्राको सफलताको कामना गरेका छन् । 'सारा र स्वराले हाम्रो सहर मात्र नभई देशलाई विश्वसामु चिनाउनेछन् । उनीहरूको उपलब्धि अन्य विद्यार्थीका लागि पनि प्रेरणाको स्रोत बन्नेछ,' नेशनल इन्फोटेकका निर्देशक सिंहले भने ।

# कालोबजारी र तस्करी नियन्त्रणमा ध्यान दिन्छुः प्रजिअ

**मधेशदृष्टि**
**वीरगंज ।**
भर्खरै पर्साको प्रमुख जिल्ला अधिकारीको रूपमा सरुवा भएर आएका तोयनारायण सुवेदीले जिल्लामा इमानदारीपूर्वक सुधारको प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । स्थानीय सञ्चारकर्मीहरूसँगको भेटघाटमा सुवेदीले जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सेवा प्रभावकारी र पारदर्शी बनाउने लक्ष्यका साथ काम अगाडि बढाइने बताए । उनले भने, 'राष्ट्रिय परिचयपत्र लिन महिनौँ लाइन बस्नुपर्ने, नयाँ नागरिकता र प्रतिलिपि लिन समस्या रहेको गुनासो आएको छ । कानुनले तोकेको कार्यविधि पूरा गरेर आएको काममा आलटाल नगर्न निर्देशन दिइसकेको छु । अब कर्मचारीलाई बहानामा काम नगर्ने छुट छैन ।' सुवेदीले कार्यालयमा कानुनविरुद्ध र नियमविपरीत कुनै काम नगर्न पनि निर्देशन दिइएको उल्लेख गरे । सञ्चारकर्मीको प्रश्नअनुसार उनले कार्यालयलाई बिचौलियामुक्त बनाउने प्रतिबद्धता व्यक्त गर्दै भने, 'अब कार्यालयमा बिचौलियाले ठाउँ पाउने छैन ।'
मालपोत, नापी र यातायात कार्यालयमा पैसा नतिरी काम नहुने गुनासोबारे प्रश्न गर्दा सिडिओले सम्बन्धित कार्यालय प्रमुखहरू जिम्मेवार हुने स्पष्ट पारे । 'जसरी म प्रशासन कार्यालयको प्रमुखको जिम्मेवारीमा छु, त्यसै गरी अन्य कार्यालयका प्रमुख पनि जिम्मेवार छन्,' उनले भने । सुवेदीले कालोबजारी नियन्त्रण, तस्करी रोकथाम, मलखाद आपूर्ति समस्यामा सरोकारवालासँग समन्वय गर्दै काम गर्ने बताए । साथै, चाडपर्वको समयमा सामुदायिक सद्भाव भड्किन नदिन समयमै समन्वयात्मक बैठक गरेर पूर्व तयारी गर्ने योजना रहेको बताए । वीरगंजमा हालै देखिएको हैजा महामारीको प्रसंगमा उनले सबै सरोकारवाला निकाय परिचालन गरी महामारी नियन्त्रणमा हातेमालो गर्दै काम अगाडि बढाइने जानकारी दिए ।

# सुरुङ्गा नगरपालिका सप्तरीमै पहिलो

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको सुरुङ्गा नगरपालिकाले जिल्लामा पहिलो र मधेश प्रदेशमा तेस्रो स्थान प्राप्त गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (लिसा) परीक्षणमा सुरुङ्गाले ७७ अङ्क प्राप्त गर्दै यो सफलता हात पारेको हो । सुरुङ्गा नगरपालिकाले जिल्लाका अन्य १७ पालिकामध्ये उत्कृष्ट अङ्क ल्याउँदै नेतृत्व, सेवा प्रवाह, वित्तीय व्यवस्थापन, सुशासन, योजना कार्यान्वयन र नागरिक सहभागितामा उच्च मूल्याङ्कन प्राप्त गरेको नगरप्रमुख गीता चौधरीले जानकारी दिइन् । उनका अनुसार पालिकाको निरन्तर काम, पारदर्शिता र जनसहभागिता नै यो उपलब्धिको आधार बनेको हो । सुरुङ्गाले ७७ अङ्क ल्याएर पहिलो स्थान हासिल गर्दा तिलाठी कोइलाडी गाउँपालिकाले ७१.५० अङ्कसहित दोस्रो र सप्तकोशी नगरपालिकाले ७०.५० अङ्कसहित तेस्रो स्थान प्राप्त गरेका छन् । त्यसैगरी खडक नगरपालिकाले ६९.५० अङ्कसहित चौथो, अग्निसाइर कृष्णासंवरण गाउँपालिकाले ६८.५० अङ्कसहित पाँचौं र राजविराज नगरपालिकाले ६५.७५ अङ्कसहित छैटौं स्थान प्राप्त गरेका छन् । अन्य पालिकामध्ये तिरहुँत गाउँपालिकाले ६५.२५ अङ्कसहित सातौं, बलान बिहुँल गाउँपालिकाले ६४.५० अङ्कसहित आठौं, बोदेबरसाइन नगरपालिकाले ६३.५० अङ्कसहित नवौं र कञ्चनरूप नगरपालिकाले ६२.५० अङ्कसहित दशौं स्थान पाएका छन् । शम्भुनाथ नगरपालिका (६०.५०), राजगढ गाउँपालिका (५६.२५), हनुमाननगर कंकालिनी नगरपालिका (५२.२५), छिन्नमस्ता गाउँपालिका (५१), रूपनी गाउँपालिका (४९), महदेवा गाउँपालिका (४८), डाक्नेश्वरी नगरपालिका (४६.७५) र अन्तिममा विष्णुपुर गाउँपालिका ३७.७५ अङ्कसहित क्रमशः एघारौंदेखि अठारौं स्थानमा परेका छन् । सुरुङ्गाले जिल्लामात्र नभई मधेश प्रदेशका १३६ स्थानीय तहबीचको प्रतिस्पर्धामा समेत तेस्रो स्थान हासिल गरेको छ । यसले सुरुङ्गा नगरपालिकालाई प्रदेशकै उदाहरणीय पालिकाको रूपमा चिनाएको स्थानीयवासीहरूको भनाइ छ । जिल्लामा ९ नगरपालिका र ९ गाउँपालिका गरी १८ वटा पालिका रहेका छन् । महिला निर्वाचित नगरप्रमुख रहेको सुरुङ्गा नगरपालिकाको नेतृत्वलाई स्थानीयले निरन्तर सक्रिय र नतिजामुखी बताउँदै आएका छन् । 'नगरप्रमुख गीता चौधरीको पारदर्शी नेतृत्व, योजनाको समयमै कार्यान्वयन र नागरिकमैत्री सेवा नै यस उपलब्धिको कारण बनेको हो,' स्थानीयवासीले प्रतिक्रिया दिएका छन् ।





वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८२/०५/१२

वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट आन्तरिक आय शिर्षकहरुबाट कर शुल्क संकलन कार्यको लागि ठेक्का बन्दोवस्त गर्न मिति २०८२/०३/०७ गतेको राष्ट्रिय स्तरको मध्यान्ह दैनिक पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र पेश गर्न आहवान गरिएकोमा रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु कार्यालय प्रतिनिधि एवं बोलपत्रदाता/निजको प्रतिनिधिको रोहवरमा खोलिइएको बोलपत्रहरु मुल्याङ्कनका लागि मुल्याङ्कन समितिमा पठाइएकोमा उक्त समितिबाट प्राप्त बोलपत्रहरु मध्ये सबैभन्दा उच्चतम ठेक्का अंकमा सकार गर्ने निम्नानुसारको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लगि यो ७ (सात) दिने आशयको सूचना जारी गरिएको छ ।

| सि. नं. | बोलपत्रदाताको नाम र ठेगाना | आय शिर्षक | ठेक्का सकार अंक मु.अ.कर समेत (वार्षिक) | ठेक्का अवधि |
|---|---|---|---|---|
| १. | यम्मी फ्रुट प्रा.लि., वीरगंज-१६ | नारायणी अस्पताल पछाडी पूर्व तिरको जग्गामा तरकारी तथा फलफूल बजार | रु.५८,५१,०००/- (अन्ठाउन्न लाख एकाउन्न हजार रुपैयाँ मात्र) | ३ वर्ष |

सम्पादकीय

# देश हल्लाउने आपराधिक प्रेमकथा

*रौतहट प्रहरीले यसवर्ष राम्रो काम गरेको छ । सुटकेशमा महिलाको शव भेटिएको घटनामा अहोरात्र उसको पहरेदारीले कसूरदार समयमा समातिएन मात्र उसको पनि प्रहरीकै नियन्त्रणमा मृत्युवरण भएको छ । मर्नुअघिको भिडियोमा प्रेमीले नेपाल प्रहरीको बखान गरेका थिए, धन्यवाद नै दिएका थिए, तपाईंहरु राम्रो काम गर्नुहुन्छ, कानूनले मलाई दोषी बनाउँछ, तर दोषी अरु हुन्, उनीहरुलाई पनि कारबाहीको दायरामा ल्याउनुहोस्, म चैँ, उसैको हुँ, उसले कुरिरहेको छ, भेट्न जान्छु । नभन्दै उनको बुधबार साँझ मृत्यु भएको छ । बिहान उनी रौतहटको जंगलनजिकै आगो लागेको अवस्थामा भेटिए, अस्पतालको सामान्य उपचारपछि काठमाडौं, कीर्तिपुरस्थित बर्न अस्पतालमा मृत्युवरण गर्न पुगे ।*

*प्रहरीले नियन्त्रणमा लिए पनि सामान्य सोधपुछसमेत गर्न पाएन । तर मृत्युअघि उनले भिडियोमा दिएको सन्देशले समाजको कुरुप तस्बिर छताछुल्ल पारेको छ । आमाले धनसम्पत्तिको लोभमा गरेको अपराधले डिप्रेसनमा पुगेकी छोरीलाई मैले मारेको हुँ, उनले स्वीकारेका छन् । आमा र अरु दुई पुरुषले रुबी साहलाई यो अवस्थामा पुर्याएको भनिएको छ । यति मात्र होइन, उनीहरु कक्षा ९ मा पढ्दादेखि प्रेममा रहेको, सर्लाही जिल्ला अदालत र भारतको पनि मोतिहारीको अदालतमा कोर्ट म्यारिज गरेको, गरिब भएकाले आमाले छुटाएर लगेर अर्को युवकसँग विवाह गरिदिएको, सम्पत्ति र गहनाको लोभमा आमाले नै रुबीलाई देवरदेखि परपुरुषसँग यौन सम्बन्ध कायम गराएको विषय पनि उजागर गरेका छन् ।*

*छोरीले सुख पाउन् भनेर धनसम्पत्तिको मोह त हुन्छ, तर समाजमा रंगीन भएर बाँच्न देवर र परपुरुषसँगको सम्बन्धमा स्वीकृति हुन्छ ? गम्भीर प्रश्न उब्जिएको छ ।*

*थुप्रै चरित्रहरु उदांगो पारेर लक्ष्मण पासवानले भिडियोमा बोले झैँ 'उनी कुरिरहेकी छिन्, प्रहरीले मलाई कारबाही गर्न सक्दैन, म उसैसँग जान्छु' भने झैँ मृत्युवरण भएको छ । तर समाजको यो कुरुप उजागरमा तपाईं हामी कति सचेत हुने ? अरुका महिलामाथि सम्पत्ति र गहनाको लोभमा ¥याल काढ्नेहरुमाथि कारबाही हुने कि नहुने ?*

# मुलुकी संहिता, कानूनको पालना र न्यायालयको भूमिका

अहिलेको सरकारले कानून कार्यान्वयनको सन्दर्भमा अनुभव गरिएका कुराहरूको आधारमा कमी कमजोरीहरू हटाउने र कानूनलाई अझ समृद्ध बनाउने ढङ्गले कानून संशोधनसम्बन्धी अनेक प्रयास अगाडि बढाइरहेको छ । नयाँ कानूनहरूको पनि निर्माण गरिरहेको छ र पुराना कानूनहरूलाई पनि आवश्यक संशोधन परिमार्जन गर्न अगाडि बढिरहेको छ ।

हामीले थुप्रै विधेयकहरु यसै अधिवेशनबाट पनि पारित गरेका छौँ, संशोधन गरेका छौँ । कति नयाँ पनि ल्याएका छौँ र यो सिलसिला अगाडि बढी नै रहन्छ । यो निरन्तरको सिलसिला हो ।

नेपाल लामै समयसम्म एउटा पछौटेपनमा अल्झिरहेको समाज हो । धेरै हजार वर्षसम्म पनि जुन सामाजिक मूल्यमान्यताहरू यस समाजले विकास ग¥यो, ती मूल्यमान्यताहरूको आधारमा चल्दै रहेको समाज हो । पछिल्लो समयमा आएर विभिन्न खालका संहिता र ऐनका अभ्यासहरू जति जानकारी पाउँदै गयो, त्यसआधारमा त्यसलाई आफ्नो परिस्थितिअनुसार कार्यान्वयन गर्ने प्रयास पनि गर्दै गयो । विभिन्न संहिताहरूमा धेरै प्रख्यात, धेरै चलेको भनेको मनुस्मृति पनि हो । तर मनुस्मृतिलाई मनुले जे लेखेका थिए, त्यसबाट विकृत बनाएर त्यसलाई विद्रुप नै बनाइयो । विकृत मात्र होइन । नेपाली समाज, पूर्वीय समाज, पूर्वीय शासन विधि र पद्धति अनुपयुक्त छन् भन्न देखाउनका लागि विभिन्न प्रकारका थप नयाँ श्लोकहरू मनुस्मृतिमा थपिए र त्यसलाई विद्रुप बनाइयो । धेरै मनुले नभनेका कुराहरू त्यहाँ आए, जो समाजका लागि त्यो अत्यन्त हानिकारक छन् । पछिल्लो समयमा पनि त्यसका प्रभावहरू, ती गलत कुराहरूका प्रभावहरू रहे र कतिपय कुराहरूलाई धर्मको आड लिएर पनि गलत कुराहरू कार्यान्वयन हुने गरे । सती प्रथा पनि सबैका सबै महिलाहरू श्रीमान मृत्युपछि सती जानै पर्ने भन्ने थिएन । त्यो बलिया घरानाका, लडाईंका र प्रतिशोधका चक्रमा त्यो पर्थे । जस्तो, चाहे राजराजेश्वरीका कुरा गरौँ अथवा भीमसेन थापाका कुरा गरौँ, अरूका कुरा गरौँ । त्यसबेला पनि कसका श्रीमतीलाई सती पठाउने, कसका श्रीमतीलाई सती नपठाउने भन्ने हुन्थ्यो । ती सबैलाई पठाउने होइन, जो रिस उठेको छ त्यसलाई पठाउने । त्यो कुरा विसं. १९७७ मा गएर हट्यो । यो एउटा ठूलो प्रगति हो । विसं. १९८० तिर गएर दास प्रथा उन्मूलन भयो । यी ठूल्ठूला सुधारहरू हुँदै आए । सामाजिक न्यायको पक्षमा कुरा हुँदै आए । तर विसं. २०२० सालको मुलुकी ऐनले जति सामाजिक न्याय र समानताको पक्षमा खुलस्त बोल्यो, त्यसरी अघिल्ला ऐनले बोल्न सकेका थिएनन् । त्यसले अलिक राम्ररी बोल्यो । र त्यसैकारण मानिसहरूले छुवाछुत उन्मूलन दिवस भनेर विसं २०२० साल भदौ १ गते मुलुकी ऐन जारी भएको सन्दर्भ पारेर मनाउने गरियो ।

मुलुुकी ऐनकमो विकासक्रम हुँदै आएर आज हामी लोकतान्त्रिक प्रणाली अन्तर्गत छौँ । लोकतान्त्रिक प्रणाली भनेको सामाजिक न्याय र समानतासहितको प्रणाली हो । अहिले हामीले लोकतान्त्रिक प्रणालीलाई एउटा परिपूर्ण लोकतन्त्र भनेका छौं । यसलाई राजनीतिक लोकतन्त्र (पोलिटिकल डेमोक्रेसी) मात्रै होइन, सम्पूर्ण सामाजिक जीवनका, आर्थिक जीवनका, सांस्कृतिक जीवनका सबै क्षेत्रहरूमा पूर्ण लोकतन्त्र (कम्प्रिहेन्सिभ डेमोक्रेसी) भनेका छौं । परिपूर्ण लोकतन्त्र र सम्पूर्ण क्षेत्रमा लोकतन्त्र अहिलेको आवश्यकता हो, जसले कहीं पनि असमानता, कतै पनि भेदभाव, कतै पनि विभेद, कतै पनि थिचोमिचो जस्ता कुराहरूलाई मान्दैन । त्यसैअनुसार हामीले २०७५ साल भदौ १ गतेदेखि लागुभएका पाँचवटा संहिताहरूले ती कुराहरूलाई प्रतिबिम्बित गर्न खोजेको छ ।

त्यसो त पूर्ण (पर्फेक्ट) फेरि पनि हुँदैन । तिनीहरू माथि कस्ता संशोधन गर्नुपर्छ र कस्ता संशोधन ल्याउनुपर्छ, कुराहरु आएका छन् । त्यसबेला प्रायः ठीकै देखेर गरिन्छ, अलिपछि हेर्दाखेरि कार्यान्वयनको क्रममा अनुभव गर्दै जाँदा तिनीहरूमा कमी कमजोरी भएको देखिन्छ र त्यसमा सुधार ल्याउनुपर्ने, संशोधन गर्नुपर्ने हुन्छ । आज हामी संशोधन गर्न अगाडि जाँदै छौँ ।

अहिले एउटा धुमधाम हल्ला चलेको छ । बहुविवाहलाई मान्यता दिन खोजियो भन्ने नचाहिँदो हल्ला । मैले संसदमा पनि भनेको थिएँ, बहुविवाह गर्न यो सरकारले स्वीकृति दिने भयो, संसदमा कानून ल्याउने भए, पास हुने भयो भनेर हल्ला चलाए । वास्तवमा बहुविवाहलाई मान्यता आजको समाजले दिन्छ भन्ने कुरा नै सोच्न सकिने कुरा होइन । एकजना अभियन्ता एउटी चेली मसँग आइपुग्नुभयो र बडो चर्को स्वरमा भन्नुभयो, "हेर्नुहोस् यो बहुविवाह हामी कुनै हालतमा मान्दैनौ ।'' मैले सोधेँ, "कसले मान्यता दिन लागेछ बहुविवाह ? मलाई थाहा त हुनुपर्ने हो । मन्त्रिपरिषद्ले पास गरेर संसदमा पठाउनुपर्छ विधेयक । पास गरेको छैन । अनि कहाँबाट आयो तपाईंलाई यो सूचना ?''

"यो भइसक्र आँट्यो, हुनै आँटेको छ । यो कुनै हालतमा मान्दैनौ, कुनै हालतमा हुन दिन्नौ ।'' उहाँले अलिकति चर्कै स्वरमा भन्नुभयो । मैले फेरि भनँे, "यस्तो केही कतै भएको छैन ।'' अनि उहाँको स्वभाव अनुसार म र उहाँको एकछिन् संवाद भयो । त्यसपछि उहाँ फर्किनुभयो । यस्तो हल्लाको पछाडि नलागौं । समाज कहिले कहिले केही केही कुरामा कुनै कुनै परिस्थितिमा पछाडि फर्किन्छ । इरानमा राजतन्त्र हट्यो । त्यसपछि धर्ममा चल्ने अनुदार शासन आयो, जसले गर्दा कतिपय कानूनहरू, सामाजिक व्यवहारहरू प्रतिगामी देखापरे, पश्चगमनकारी देखापरे, त्यस्तो भयो । एकातिर राजतन्त्र हट्यो, गणतन्त्र आयो । त्यो राम्रो कुरा हो तर गणतन्त्र आएर पनि फेरि पुरानो समयको धार्मिक कानून र धार्मिक संहिता अन्तर्गत समाज चल्नुपर्ने अवस्थामा फर्किदा त्यसले समाजलाई खास अगाडि बढ्न योगदान गर्न सकेन । पछाडि फर्कायो । विस्तारै त्यसमा उदारता आउँदै गएको छ । कतिपय ठाउँमा त्यस्तो भएको देखिन्छ । तर ती क्षणिक कुराहरू हुन् । त्यहाँ लोकतन्त्र स्थापना भएन तर लोकतान्त्रिक गणतन्त्र स्थापना भएन । हामीले यहाँ लोकतान्त्रिक गणतन्त्र भनेका छौं । डेमोक्रेटिक रिपब्लिक, यो रिपब्लिक मात्र होइन, डेमोक्रेटिक रिपब्लिक, डेमोक्रेटिक रिपब्लिकमा प्रतिगमन हुन सक्दैन । त्यसकारण हाम्रा कानूनमा, हाम्रा संहिताहरूमा, हाम्रा ऐनमा हामीले प्रतिगमन हुँदैन भन्ने कुराको प्रत्याभूति गर्न सक्छौं । सरकारले प्रतिगमनकारी कुनै कानूनको मस्यौदा संसदमा पढाउँदैन । हेर्न छुटेको कुनै कारणवश कहीँ कतै कमी हुन सक्छ । त्यसैकारण त संसद छ, त्यत्रो जनप्रतिनिधिहरूले छलफल गरेर पारित गर्नुपर्ने विषय हो । अहिलेको सरकारले सकेसम्म लोकतान्त्रिक मस्यौदा पठाउँछ, कानून निर्माणका लागि र संसदले त्यसमा आधारित भएर छलफल गर्छ । कानून कार्यान्वयनका लागि सबै निकायहरूको सन्तुलित शक्तिपृथकीकरणको सिद्धान्त अनुसारको भूमिका हुनु पर्दछ । कसैले आफूलाई पृथक ठान्ने, फरक ठान्ने र आफूसँग चाहिँ केही अधिकार विशेषै रहेको भन्थे राजतन्त्रकालम । आफूमा निहित र आफूबाट निश्रित अधिकारको प्रयोग गरी 'बक्सेका छौं' जस्तो ठान्थे । अहिले कसैमा त्यस्तो अधिकार निश्रित पनि हुँदैन, कतै निहित पनि हुँदैन । कतै निश्रित भएर अधिकार आउने पनि होइन । यो अधिकार जनताको अधिकार, त्यो जनताको अधिकारलाई रक्षा गर्नका लागि हामीले विभिन्न ठाउँहरुमा ती अधिकारहरू प्रत्यायोजित गरेका हुन्छौं । अधिकार प्रत्यायोजनको सबैभन्दा मुख्य थलो र प्रक्रिया भनेको निर्वाचन हो । निर्वाचनले जनप्रतिनिधि छान्छ, जनप्रतिनिधिले संविधान निर्माण वा संशोधन गर्छन्, कानून बनाउँछन र त्यस कानूनले सबै चिजलाई आफ्ना–आफ्ना स्थान दिएको हुन्छ । त्यसको सम्पूर्ण कुराको मूल व्याख्याता फेरि पनि संसद् नै हो । किनभने जनताले अधिकार प्रत्यायोजन गरेको त संसदलाई मात्रै हो । अरुलाई प्रत्यायोजन गरेको हुँदैन । संसदले संविधान र कानून बनाएर त्यसमार्फत् प्रत्यायोजित अधिकार मात्रै अरुले प्रयोग गर्ने हो । त्यसकारण आफूलाई छुट्टै विशेषाधिकार र पृथक ठान्नु हामी कसैले पनि हुँदैन ।


केपी शर्मा ओली

न्यायलयलाई म प्रधानमन्त्रीको हैसियतले भन्न चाहन्छु, न्यायलयलाई आफ्नो कार्य सम्पादनको सन्दर्भमा कार्यकारिणीको तर्फबाट पूराका पुरा साथ सहयोग रहन्छ । शक्तिपृथकीकरणको सिद्धान्तलाई सरकारले मान्छ र मान्न पर्छ । न्यायालयको स्वतन्त्र भूमिकालाई सरकारले पूर्ण रूपमा सम्मान गर्दछ । यसको अर्थ, फेरि अब कुनै विचारै हुँदैन, सम्मान भनेको पञ्चायतकालीन जयजयकार काम मात्रै हो भन्ने कुरा होइन । यसमा मर्का प¥यो, अन्याय प¥योे भन्न पाउने ठाउँहरू रहन्छन् । हिजो पनि थिए र फेरि पनि रहन्छ । राणाशासनमा अघिपछि बोल्न नपाए गाईजात्रामा बोल्न दिइन्थ्यो । अहिले गाईजात्रामा बोल्न पाउने मात्र होइन कि छाडातन्त्रमा गइसक्यो । गाईजात्राको त गाईजात्रै गराइसके गाईजात्रवालाहरुले ।

हामीले जनतालाई कसरी सही ढंगले न्याय दिने भन्ने कुरामा ध्यान केन्द्रित गर्नुपर्छ । पहिले प्रहरीले मन परेकाको उस्तै पर्दा मुद्दा दर्ता गरिदिन्छ, उस्तै पर्दा मुद्दा दर्ता नै गर्दैन भन्ने गुनासा आउँथे । प्रमाणहरू कहाँबाट कता पु¥याउने भएपछि मान्छेले न्याय कहाँबाट पाउने ? त्यसकारण प्रहरी ठीक ठाउँ हुनु प¥यो । महान्यायाधिवक्ता कार्यालयको अभियोजनका कुरामा सही ढंगको अभियोजन हुनुप¥यो । न्यायालय अत्यन्त निष्पक्ष ढंगले, निष्पक्ष भावका साथ, प्रतिकमा आँखामा पट्टी बाँधेको हुन्छ । यथार्थमा पट्टी बाँधेको हुँदैन, चारैतिर हेरिराखेको हुन्छ । मैले आफूले देखेको छु, म आफैँ भोगेको छु । कुनै पनि प्रकारको कसुर नगरिकन १४ वर्ष जेल बसेको छु । त्यहाँ कसुर भन्ने हो भने राजतन्त्र उपयुक्त होइन भन्ने मलाई लागेको थियो, मैले त्यो विचार व्यक्त गरेको हुँ । राजतन्त्र उपयुक्त हुँदै होइन । जन्मसिद्ध श्रेष्ठताको सिद्धान्तमा कुनै आधार हुँदैन, वैज्ञानिकता हुँदैन, तथ्य हुँदैन । कुनै जातको आधारमा, कुल घरानाको आधारमा वा केहीको आधारमा पनि जन्मसिद्ध श्रेष्ठताको सिद्धान्त एउटा 'हिपोक्रेसी' मात्रै हो, अरु केही पनि होइन । मैले यो कुरा संयुक्त राष्ट्रसंघको वडापत्र पढेर मानव अधिकार घोषणापत्र पढेर र पुराना विद्वानहरूका पनि कुराहरू सानैबेला बुुझेको हुँ । जन्मिदा सबै बराबर हुन्छन् र जन्मले सबै बराबर छन् भनेको कुराबाट मैले २०२३ सालदेखि जानेँ । छुवाछुत भन्ने कुराहरु, ठूला साना भन्ने कुराहरू, आफ्ना आफ्ना पद ओहदाका जिम्मेवारीका कुराहरू होलान् तर कोही विशेष, कोही चाहिँ केही न केही भन्ने कुरा केही पनि होइन । सबै मानव जाति महान् छ । सबैले सम्मान प्राप्त गर्नुपर्छ र सम्मानित जीवन बाँच्न पाउनुपर्छ । म आफैँ भुक्तभोगी छु । मैले एउटा जेल संस्मरणमा लेखेको छु, एउटा सानो लेख छ । त्यसमा मैले लेखेको छु, "१८ वर्ष पूरा भएपछि सर्वस्वसहित जन्म कैद पायो एउटा मान्छेले । सर्वस्वसहित जन्मकैद भयो । सर्वस्व पनि गयो र जन्मकैदको फैसला भयो । र १८ वर्ष पूरा गरिसकेपछि सर्वोच्चबाट १८ वर्ष पुगेर १९ वर्ष लागेपछि सर्वोच्चबाट उसले सफाई पायो निर्दोष छ भनेर । त्यो फैसला सुनाउँदा उसमा कुनै प्रकारको भाव केही पनि आएन । उसले चुपचाप सुन्यो । भोलिपल्ट छुटुवा पुर्जी आयो । अब तँ जा भनेर । अनि उसले ओढ्ने, ओछ्याउने, सिरानी पोको पारेको थियो । जेलको ढोकासम्म त्यो पोको लिएर आयो । अनि त्यहाँ जेलमा छोड्ने बेलामा ढोकाबाट बाहिर निकाल्दा म कहाँ जानेँ भनेर सोध्यो । अघिल्ला दिनदेखि नबोलेको मान्छे, त्यतिबेला म कहाँ जानेँ भनेर सोध्यो । अब तिमी बसपार्क जाऊ भने । अनि के गर्ने ? भन्यो । बस चढेर जाउ भन्यो । चढ्न त चढेर जाने तर ओर्लिने कहाँ ? भन्ने सोध्यो । धन सम्पति र आफन्त केही पनि छैन उसको, अब ओर्लिने कहाँ ? बस चढेर ऊ बसपार्कबाट जान्छ । त्यो मान्छेले बतायो । अब ओर्लिने कहाँ ? उसको त्यो प्रश्न सुनेर वास्तवमा त्यहाँ वरिपरीका सुनेका मान्छेहरु सबै ग्वाँग्वाँ रुन थाले । जाने कहाँ ? अनि उसले त्यो पोको त्यही फ्याँक्यो । यो कहाँ लगेर राख्ने मैले ? मलाई किन निकालियो ? मेरो केही पनि छैन । १९ वर्ष मैले जेलमा जवानी बिताएँ, सारा बिताएँ । मेरो त कोही पनि छैन । म त काम गर्न नसक्ने भएर अशक्त भएर बसेको छु । म गएर केही गर्न पनि सक्दिनँ ।''

वास्तवमा ढिलो न्याय हुनु न्याय नपाउनु सरह हो भनेको हामी जस्तो बुझेको मान्छेले त्यसको मर्म बुझेका छौं । न्याय ढिलो हुनु भनेको नपाउनु सरह हो भन्ने कुरा हामीले बुझेका छौँ । मैले १४ वर्षपछि पनि फेरि सफाइ पाएको होइन । न्याय पाएको पनि होइन । १० वर्ष कैद थियो । त्यो भुक्तान भइसकेपछि सम्मानित सर्वोच्च अदालतमा आएर कैद भुक्तान गरिसकेँ छोडी पाउँ भनेपछि छोड्ने आदेश भयो । त्यहीँ इन्स्पेक्टरले हत्कडी लगाएर फेरि घिसारेर लग्यो । फेरि अर्कापल्ट उजुरी गरेँ । फेरि सर्वोच्चले 'अब नथुन्नू, छोड्नू' भनेर आदेश ग¥यो । फेरि हत्कडी लगाएर पुलिसले घिसारेर लाग्यो । अदालत हेरेको हेरै । त्यो खालको राजमा हामी बसेका थियौँ तर अहिले राजतन्त्र, राजतन्त्र भनेर कराएको सुन्दा अचम्म लाग्छ, कठै बरा ! देख्दै नदेखेका, भोक्दै नभोगेका, बुझ्दै नबुझेका मान्छेहरु राजतन्त्र राजतन्त्र ! भनेका छन् । त्यत्तापट्टि म अहिले जान चाहन्नँ । न्याय त्यस्तो नहोस् । त्यही प्रयास हामी गरिराखेका छौं र हाम्रा कानूनहरूले त्यसको आधार तयार गर्नुपर्दछ । त्यसको प्रत्याभूति कानूनी रूपमा व्यवस्था गर्नुपर्दछ र हाम्रा कानून र न्याय दिने निकायहरूले यी कुराहरुमा ध्यान दिनुपर्दछ । प्रहरी होस् कि अनुसन्धानकर्ता होस् कि अभियोजनकर्ता होस् कि न्यायकर्ता होस् सबै ठाउँबाट यी चिज हुनुपर्दछ । त्यसका लागि सरकारको तर्फबाट सम्पूर्ण सहयोग रहने म प्रधानमन्त्रीको हैसियतले भन्न चाहन्छु । सम्पूर्ण सहयोग रहन्छ र संसदमा एउटा सांसद्को हैसियतले र संसदमा एउटा महत्वपूर्ण दलको नेताको हिसाबले पनि म भन्न चाहन्छु, हाम्रो दलको वा संसदको र अहिले सरकारमा सहभागी दलहरूको पनि त्यो धारणा छ । सरकारको तर्फबाट हामी न्याय निरूपणको सन्दर्भमा सम्पूर्ण योगदान गर्न तयार छौँ । मुलुकी संहिता दिवसले हामीलाई साँच्चैको कानूनीराजको रूपमा अगाडि बढ्न प्रेरणा देओस् । हामी आग्रहहीन ढंगले कानून कार्यान्वयन र कानूनको व्याख्या त्यसको कार्यान्वयन गर्न सकौं । सामाजलाई नैतिक कसरी बनाउने यो धेरै महत्वपूर्ण कुरा हो । कानून कार्यान्वयनबाट मात्रै होइन कि हामीले मानिसहरुमा गुणवत्ता सिकाउने गर्नपर्छ । मान्छेले अपराध नगरोस् । कानूनमा अनविज्ञता प्रकट गरेर दण्डबाट बच्न सकिँदैन, गल्ती भयो भने, कानूनको उल्लङ्घन भयो भने अनविज्ञता भनेर बच्न सकिँदैन । कानूनका दफा दफा कण्ठ गर्न विद्वानले पनि सक्दैन । हरेक दफा कण्ठ भएर कानून उल्लङ्घन नभएको होइन । बेठीक काम गर्दिन भन्ने तरिकाले चलेपछि कानून उल्लङ्घन हुँदै हुँदैन । हामी कुनै देशको भिसा लिएर त्यहाँ जान्छौं । भिसा लिनुको अर्थ के हो भने, भिसा अप्लाई गर्नुको अर्थ तिम्रो देशमा जाँदाखेरि त्यस देशमा रहँदा म तिम्रो देशको संविधान, कानून, नियम सबैको पालना गर्छु भनेको हो । त्यहाँका कानूनहरु हामी पढेर जाँदैनौ । नराम्रो केही पनि गर्दैनौ । त्यसो भएपछि कानूनको पालना स्वतः हुन्छ । असामाजिक केही पनि गर्दैनौ, कानूनको स्वतः पालना हुन्छ । यहाँ पनि हामीले थुप्रै कानून बनाएका छौँ । संविधान बनाएका छौँ, कानून बनाएका छौँ । तर न संविधानका धारा धारा याद छ, न कानूनका दफा दफा याद छ । सम्भवै छैन नि । तर नराम्रो काम नगर्ने, त्यति गरेपछि कानूनको पालना हुन्छ । कानूनभन्दा माथिको मानवीय राज हुन्छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# जनयुद्धका क्रममा चेस खेलको विशेष महत्त्व थियोः अध्यक्ष दाहाल



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनयुद्धका क्रममा चेस खेलको विशेष महत्त्व रहेको बताएका छन ।

बुधवार यहाँस्थित अखिल नेपाल चेस सङ्घ र नेसनल स्पोट्र्स एकेडेमीको संयुक्त आयोजनामा भएको भक्त राना स्मृति चेस प्रतियोगिताको उद्घाटन गर्दै अध्यक्ष दाहालले जनयुद्ध र चेसको गहिरो सम्बन्ध रहेको स्मरण गरे ।

उनले भने, 'दश वर्षे जनयुद्ध र चेसबीच गहिरो सम्बन्ध छ । यो खेलले बौद्धिक विकास मात्र होइन, मनोविज्ञानको उपचारमा पनि योगदान दिएको थियो । रणमैदानमा चलाइने चाल जस्तै चेसमा पनि रणनीतिक चाल चलिन्थ्यो ।'

अध्यक्ष दाहालले चेस प्रतियोगिताका माध्यमबाट मुलुकलाई राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा चिनाउने अवसर भएको उल्लेख गर्दै खेलाडीहरूको उत्साहपूर्ण सहभागिताले थप हौसला दिएको बताए । उनले आयोजकलाई प्रतियोगिताका क्रममा सम्भावित समस्या भएमा समाधानमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

भक्त रानालाई क्रान्तिकारी, इमान्दार र निष्ठावान योद्धाका रूपमा स्मरण गर्दै अध्यक्ष दाहालले उनको त्याग र बलिदान सदैव नेपाली जनताको स्मृतिमा रहिरहने जिकिर गरे । 'भक्त राना युद्धमा घाइते हुनुभयो, उपचारका क्रममा वीर अस्पतालमा उहाँको निधन भयो । हामीले उहाँलाई बचाउन सकेनौँ । उहाँको स्मृति हामी सबैको मनमा ताजा छ', उनले भने ।

उक्त प्रतियोगिताको पूर्ण सफलताको शुभकामना दिँदै अध्यक्ष दाहालले यो प्रतियोगिता नयाँ उत्साह र आत्मविश्वासका साथ सम्पन्न हुने विश्वस्त व्यक्त गरे । प्रतियोगिताका माध्यमबाट राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा मुलुकको पहिचान स्थापित हुने बताउँदै उनले यसबाट योग्य खेलाडी पनि उत्पादन हुने धारणा राखे ।रासस

# 'संघसंस्था ऐन, २०८२' सम्बन्धी विधेयकमाथि छलफल चलाउन बारको माग

**काठमाडौँ ।**
नेपाल बार एसोसिएसनले 'सङ्घसंस्था ऐन, २०८२'सम्बन्धी विधेयकमाथि सरोकारवाला पक्षहरूहरुसँग छलफल गरी आवश्यक परिमार्जनसहित विधायन प्रक्रिया अघि बढाउन माग गरेको छ ।

महासचिव केदारप्रसाद कोइरालाले बुधवार जारी गरेको प्रेस विज्ञप्तिमा सङ्घ–संस्था दर्ता, नियमन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकका सन्दर्भमा सार्वजनिक सुझाव तथा प्रतिक्रियाका लागि नेपाल सरकार, गृह मन्त्रालयबाट जारी सार्वजनिक सूचनाउपर ध्यानाकर्षण भएको जनाउँदै बारले छलफल चलाउन माग गरेको हो ।

सो सम्बन्धमा प्रारम्भिक धारणा प्रस्तुत गर्दै बारले प्रस्तुत विधेयकलाई सबै सरोकारवालाहरुसँग सार्थक छलफल गरी परिमार्जन गरेर मात्र विधायन प्रक्रिया अघि बढाउनुपर्ने, परिमार्जनको प्रक्रियामा सरोकारवाला निकाय, नागरिक समाज तथा विज्ञहरुसँग बृहत्तर परामर्श गर्नुपर्ने र प्राप्त हुने सुझावहरूलाई आत्मसात् गरी संविधान र लोकतान्त्रिक मूल्यसँग सुसङ्गत हुने र सुशासनको प्रवद्र्धन गर्ने गरी विधेयक अगाडि बढाउनुपर्नेमा जोड दिएको छ ।

'विधेयकका कतिपय प्रावधानहरु संविधानमा प्रत्याभूत मौलिक हक तथा स्वतन्त्रतासँग बाझिने गरी राखिएको छ, संस्थागत स्वतन्त्रता र नागरिक समाजको भूमिका कमजोर पार्ने खालका व्यवस्थालाई विधेयकमा स्थान दिएको देखिन्छ', विज्ञप्तिमा भनिएको छ, 'प्रस्तुत विधेयकले सुशासन प्रवद्र्धन गर्नेभन्दा पनि उल्टो सङ्घ–संस्थाको दायरा सङ्कुचित गर्ने र नियन्त्रणमुखी हुने जोखिम रहेको देखिन्छ ।' विधेयन ऐन, २०८१ को दफा ६(२) अनुसार विधेयक तयार पार्दा त्यसको उद्देश्य र सम्भावित प्रभाव स्पष्ट गर्नुपर्ने कानुनी व्यवस्था भएअनुरुप 'सङ्घसंस्था दर्ता, नियमन र व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट हुने हुँदा संस्थाको व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि हुन गइ यसबाट सामाजिक र विकासका क्रियाकलापमा सङ्घ–संस्थाको भूमिका व्यवस्थित, पारदर्शी र प्रभावकारी हुन गई सुशासन प्रवद्र्धन गर्नमा मद्दत मिल्ने' जस्ता आधार र कारण अगाडि सारिएको छ ।

बारले आधार र कारण अगाडि सारे पनि प्रस्तावित विधेयकमा गरिएका कतिपय व्यवस्थाहरु नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकप्रतिको सङ्कुचन हो भन्ने ठम्याइ रहेको जनाएको छ ।
रासस

# संवैधानिक इजलास गठनमा विवाद छैनः प्रधानन्यायाधीश राउत

**काठमाडौँ ।**
प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले संवैधानिक इजलास गठनमा विवाद र मतभेद नरहेको बताएका छन । बुधवार प्रधानन्यायाधीश राउतसहित वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, डा नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठ र विनोद शर्माको इजलास गठन गरिएको छ । प्रधानन्यायाधीशले आफूले तोकेको चार न्यायाधीश तोक्ने पाउने संवैधानिक अधिकार प्रयोग गरेर इजलास गठन गरेको बताएका हुन ।

संविधानको धारा १३७ को संवैधानिक इजलासको गठनसम्बन्धी व्यवस्था रहेको छ । त्यसको ९१० मा सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहनेछ । त्यस्तो इजलासमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेको अन्य चार जना न्यायाधीश रहने छन् भनिएको छ । 'संवैधानिक इजलास गठनमा कुनै विवाद थिएन, न्यायाधीश नियुक्ति, सरुवालगायतको जरुरी कामका कारणले संवैधानिक इजलास राख्न नसकिएको हो', प्रधान न्यायाधीश राउतले पत्रकारसँग भने, 'संवैधानिक इजलास गठन गर्न संविधानले नै प्रधान न्यायाधीशलाई संवैधानिक अधिकार दिएको छ, त्यही प्रयोग गरेर मैले इजलास गठन गरे ।'

संवैधानिक इजलास गठनका बारेमा धेरै भ्रमहरु फैलाउने भएको उल्लेख गर्दै उनले भने, 'संवैधानिक इजलास गठनको विषयमा संविधानमै स्पष्ट व्यवस्था गरेको छ, अदालतको गरिमा, मर्यादा, पारदर्शी र जिम्मेवार बनाउन लागिरहेको छु ।' सर्वोच्च अदालतको पूर्ण बैठक ९फुलकोर्ट०मा एक वर्षको कार्ययोजनाको छलफलका क्रममा संवैधानिक इजलासलाई व्यवस्थित बनाउने विषयमा छलफल भएको भए पनि कुनै पनि विवाद नभएको उनको भनाइ थियो ।

बीचमा केही समय रोकिएको संवैधानिक इजलास आजदेखि सञ्चालनमा आएको छ । संवैधानिक इजलासमा २२८ मुद्दा छन् ।रासस

# राज्य व्यवस्था तथा सुशासन समितिको सभापति ईश्वरी देवी न्यौपानेले लिइन् शपथ

**काठमाडौं ।**
प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिकी नवनिर्वाचित सभापति ईश्वरी देवी न्यौपानेले शपथ ग्रहण गरेकी छन् ।



बुधबार सभामुख देवराज घिमिरेद्वारा उनले पद तथा गोपनीयताको शपथ लिएकी हुन् ।

सिंहदरबारस्थित कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सभा हलमा शपथ ग्रहण कार्यक्रम सम्पन्न भएको हो । सपथ ग्रहणमा गृहमन्त्री, कानून न्याय तथा संसदीय मामिला मन्त्री, युवा तथा खेलकुद मन्त्री, रक्षा मन्त्री, विपक्षि दलका नेता, संसदीय दलका नेता, मुख्य सचेतक, समितिका सभापतिहरु लगायत सबैको उपस्थिती रहेको थियो ।

समिति सभापतिका लागि अरू कसैको उम्मेदवारी नपरेका कारण नेपाली कांग्रेसकी सांसद न्यौपाने निर्विरोध निर्वाचित भएकी हुन् । त्यस अघि बुधबार बसेको समितिको बैठकमा समिति सदस्य सर्वेन्द्र नाथ सुक्लाले प्रतिनिधिसभाको नियमावली २०७९ को, नियम १७६ को, नियम ४ बमोजिम सदस्य इश्वरी देवि न्यौपाने राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पदमा निरविरोध निर्वाचित भएको घोषणा गरेका हुन् ।

उनले भने, 'प्रतिनिधिसभाको नियमावली २०७९ को नियम १७६ को नियम ४ बमोजिम सदस्य इश्वरी देवि न्यौपाने राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पदमा निरविरोध निर्वाचित हुनु भएको घोषणा गर्दछु ।'

समितिका निवर्तमान सभापति रामहरि खतिवडाले इश्वरी देवि न्यौपानेलाई राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पदमा निर्वाचित गरियोस् भनि प्रस्ताव प्रस्तुत गरेका थिए । खतिवडाले भने, 'समितिका मान्य सदस्य श्रि इश्वरी देवि न्यौपानेलाई राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पदमा निर्वाचित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।' साथै, समिति सदस्य कृष्ण गोपाल श्रेष्ठले उक्त प्रस्तावको समर्थन गरेका छन् । उनले भने, 'इश्वरी देवि न्यौपानेलाई राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पदमा निर्वाचित गरियोस् भनि राख्नु भएको प्रस्तावको समर्थन गर्दछु ।'
रासस

# सहसचिवमा खुला प्रतिस्पर्धाबाट १० प्रतिशत पदपूर्ति गर्ने सहमति



**काठमाडौं ।**
विधायन व्यवस्थापन समितिले सहसचिवमा खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने सहमति जुटाएको छ ।

बुधवार बसेको उक्त समितिको बैठकले १० प्रतिशत सहसचिव खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिने व्यवस्था गरेको हो ।

प्रतिनिधिसभाले निजामती विधेयकमा उपसचिवसम्म मात्र खुला प्रतिस्पर्धाको व्यवस्था गरेको थियो । तर, सङ्घीय निजामती सेवा विधेयक, २०८० माथि दफावार भएको छलफलमा सहसचिव खुला प्रतिस्पर्धाबाट १० प्रतिशत पदपूर्ति गर्ने सहमति जुटेको समितिकी सभापति तुलसाकुमारी दाहालले बताइन् ।

उनले भनिन्, 'सैद्धान्तिक छलफल भइसकेको छ । अब दफावार छलफल गरेर टुंग्याउँछौँ ।'

यसैगरी सांसद झक्कुप्रसाद सुवेदीले नायब सुब्बा र सहसचिवमा पदपूर्ति खुला प्रतिस्पर्धाबाट पनि गर्नुपर्ने कानुनी प्रावधान राख्नुपर्ने बताएका थिए । सांसद बेदुराम भुसालले सहसचिवमा खुलाबाट पदपूर्तिको प्रावधान राख्नुपर्ने बताए । थोरै प्रतिशतमा भएपनि खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुनुपर्ने व्यवस्था राखेर जानुपर्ने उनको भनाइ थियो ।रासस

# सिँचाइ मन्त्रालय मातहतका निकायका प्रमुखसंग कार्यसम्पादन सम्झौता

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतका निकायका प्रमुखसंग आर्थिक २०८२/८३को कार्यसम्पादन सम्झौता गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का र मन्त्रालय अन्तर्गतका तीन सचिवबीच सहित सचिव र महानिर्देशबीचमा बसधवार मन्त्रालयमा सो सम्झौता भएको हो । ऊर्जा मन्त्रालयमा आज भएको कार्यक्रममा मन्त्री खड्कासंग ऊर्जा सचिव सुरेश आचार्य, जलस्रोत तथा सिँचाइ सचिव सरीता दवाडी र जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव दिनानाथ मिश्रबीच सम्झौता भएको हो ।

यसैगरी जलस्रोत तथा सिँचाइ सचिव दवाडी र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इञ्जिनियर मित्र बरालका बीचमा मन्त्री खड्काको उपस्थितिमा कार्यसम्पादन सम्झौता भएको छ । कार्यक्रममा ऊर्जामन्त्री खड्काले गतवर्ष गरेको कामको अनुभवका आधारमा कार्यसम्पादनमा उल्लेख भएभन्दा धेरै काम गर्न सकिने बताए ।

उनले भने,'कुन आयोजनाको अवस्था के छ, आयोजना निर्माणमा के समस्या छन्, त्यसमा अलि चासो र समन्वय आवश्यक छ, रिपोटिङका लागि अनलाइन सिस्टम जडान गरौँ, प्रत्येक हप्ताको रिपोर्ट लिउँ ।' यसअघि गत साउन २९ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री खड्काबीच कार्यसम्पादन सम्झौता भएको थियो ।

जलस्रोत तथा सिँचाइ सचिव दवाडीले आज भएको कार्यसम्पादन सम्झौताअनुसार कामको मूल्याङ्कन हुने भएकाले नतिजा देखिनेगरी काम गर्नुपर्ने बताए । जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इञ्जिनियर बरालले शतप्रतिशत प्रगति हाँसिल हुने गरी काम गर्ने प्रतिवद्धता व्यक्त गरे । जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव मिश्रले कार्यसम्पादन सम्झौतालाई कार्यान्वयनमा लैजानुपर्ने बताए । उनले संस्थाले लिएको उद्देश्यलाई परिपूर्ति गर्न सबै लाग्नुपर्ने उल्लेख गरे । कार्यक्रममा ऊर्जासचिव आचार्य र जलस्रोत तथा सिँचाइ सचिव दवाडीले मन्त्रालयका विभिन्न महाशाखाका प्रमुख तथा मन्त्रालयअन्तर्गतका विभिन्न विभागका महानिर्देशकसँग कार्यसम्पादन सम्झौता गरेका थिए ।रासस

# सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको छैठौँ वार्षिक प्रतिवेदन खाकाको सन्दर्भमा छलफल

**काठमाडौं ।**
बुधवार सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा समितिको छैठौँ वार्षिक प्रतिवेदन खाकाको सन्दर्भमा छलफल गरिएको छ ।

बुधबार बसेको समितिको बैठकमा समिति सचिव सञ्जय दाहालले प्रतिवेदनको खाका प्रस्तुत गरेका हुन् । समितिका सचिव दाहालका अनुसार गत वर्षको अनुभव सहित यस पटक कार्यक्रम एवं योजनाहरु ल्याइएको छ ।

उनले भने, 'गत वर्षको अनुभवसहित यो वर्ष हामीले हाम्रा कार्यक्रमहरु, योजनाहरु सुधार गर्नुपर्नेछ । त्यसको समिक्षा हामी पछि गर्छौं । यो प्रतिवेदनको खाकाको सन्दर्भमा परिक्षेद १. पृष्ठभूमि, २. समिति गठन, ३. समितिको कार्यक्षेत्र काम, कर्तव्य र अधिकार, ४. समितिको कार्यविधि, ५. उपसमिति एवं कार्यदलहरुको गठन रहनेछ ।'

सचिव दाहालले प्रस्तुत गरेका प्रतिवेदको खाका माथि आफ्नो धारणा राख्दै नेकपा एमालेकी सांसद सुमित्रा बिसीले परिक्षेद ४ मा रहेको समितिको कार्यविधि अन्र्तगत ४. ३ मा रहेको सरकारी आश्वासन कार्यान्वयन अवस्था, स्थलगत अवलोकन तथा अनुगमनमा त्यसको उपलब्धि पनि थप्नुपर्ने सुझाव दिइन् ।

'प्रतिवेद तयार गर्नका लागि शिर्षकहरु तयार भएको छ । व्यवस्थित नै छ भन्ने लाग्छ । यो परिक्षेद ४ को ४.३ मा रहेको सरकारी आश्वासन कार्यान्वयन अवस्था, स्थलगत अवलोकन तथा अनुगमनबाट देएिका विषय भन्नेमा यसको उपलब्धि थप्न पाए अझै राम्रो हुन्थ्यो,'उनले भनिन् । रासस

# 'राजनीतिमा सदाचार नीति लागू गर्न आवश्यक'

**काठमाडौँ ।**
राष्ट्रिसभाका अध्यक्ष नारायणप्रसाद दाहालले राजनीतिमा सदाचार नीति लागू गर्न आवश्यक रहेको बताएका छन । राष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक, मामिला तथा सुशासन समितिद्वारा बुधवार आयोजित राष्ट्रिय सदाचार नीतिसम्बन्धी तयार गरिएको अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफललाई सम्बोधन गर्दै उनले राजनीति क्षेत्रमा सदाचार लागू हुन नसकेका विद्यमान अवस्थामा सदाचार नीति कायम गर्नेतर्फ सम्बद्ध सबैको ध्यान जानुपर्नेमा जोड दिए ।

'कानुन निर्माण, मुलुकको बजेट निर्माण प्रक्रिया, आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा राजनीतिक दलको संलग्नता रहेको हुन्छ, राजनीति सदाचार भएमा मात्रै यी क्षेत्रमा पनि सदाचार लागू गर्न सकिन्छ', दाहालले भने, 'यदि घरमूलीले मद्यपान, धूमपान गर्छ भने अरुलाई अर्तीउपदेश दिन मिल्छ ? त्यसरी नै हामीले अरुलाई सदाचार नीति लागू गराउन खोज्ने तर आफूचाहिँ नीति बाहिर बस्न मिल्छ र ?'

अध्यक्ष दाहालले सदाचार नीतिमाथि सरकारसँग गहन छलफल गरेर अगाडि बढ्नुपर्ने सुझाव समेत दिए । संविधानमा भएका जनताका मौलिक हक कार्यान्वयनका लागि पनि राष्ट्रिय सदाचार नीतिको आवश्यकता पर्ने उनको भनाइ छ ।

समितिका सभापति कमलादेवी पन्तले समाजका सबै क्षेत्रमा सदाचारिता कायम गर्दै सुशासन प्रवद्र्धन गर्ने दीर्घकालीन सोचका साथ नीति तर्जुमा गरिएको स्पष्ट गरिन । प्रतिवेदनमा संलग्न नीतिले इमानदार एवं सकारात्मक सोचसहितका नागरिक र सदाचारयुक्त समाज निर्माण गर्न सकिने उनको विश्वास रहेको छ । राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति मायाप्रसाद शर्माले प्रस्तुत नीतिमाथि सदनमा छलफल भएपछि त्यसले पूर्णता पाउने भन्दै प्रभावकारी कार्यान्वयनमा जोड दिए ।

सांसद वामदेव गौतमले कुनै पनि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक संरचना तयार गरी सुशासन र सदाचारका पक्षमा कानुन निर्माण गर्नुपर्ने बताए ।

सांसद जितजङ्ग बस्नेतले नीति लागू हुनुअघि कानुन निर्माण गर्ने सांसदहरूमा नैतिक चरित्र आवश्यक रहेकाले सोहीअनुसार रुपान्तरित हुनसक्नुपर्ने धारणा व्यक्त गरे । सांसदहरू विष्णुबहादुर विश्वकर्मा, उर्मिला अर्याल, घनश्याम रिजाल, नारायणदत्त भट्ट, सावित्री मल्लले समुन्नत समाज निर्माणका लागि सदाचार नीति आवश्यक रहेकोमा जोड दिए ।

समितिका सचिव डा रोजनाथ पाण्डेले सदाचारयुक्त पद्धतिलाई संस्थागत गर्दै सभ्यसमाज निर्माण गर्न, सदाचारितालाई जीवनपद्धतिको अभिन्न अङ्ग बनाउन, समाजका सबै क्षेत्रमा इमानदारीता र सदाचारिता कायम गर्दै निष्ठाका साथ सुशासन प्रवद्र्धन गर्ने लक्ष्यसहित नीति ल्याउन खोजिएको स्पष्ट गरे । 'सदाचारयुक्त पद्धतिलाई अवलम्बन गर्दै सुसंस्कृत समाज निर्माण गर्नु, सदाचारसम्बन्धी अध्ययन, अनुसन्धान र नियमन गर्न संस्थागत व्यवस्था गर्नु र सदाचारका नियमहरूको कार्यान्वयन, अनुगमन र स्वनियमन पद्धतिको व्यवस्था गर्नु नीतिको लक्ष्य रहेको छ', उनले भने । राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले सदाचार नीतिको ढाँचामा टेकेर सुशासन कायम राख्न सकिने भन्दै यस नीतिसँग सम्बन्धित विषयवस्तुमा केन्द्रित रही सरकारसँग थप छलफल गर्नुपर्ने धारणा व्यक्त गरे ।रासस

# सिँचाइका लागि एक वर्षमा १६ डिप बोरिङ वितरण

**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)मा एक वर्षको अवधिमा सिँचाइका लागि १६ वटा 'डिप बोरिङ' वितरण गरिएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा वितरण भएको डिप बोरिङले जिल्लाका करिब ४२५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको भूमिगत जल सिँचाइ आयोजना कार्यालय भरतपुरले जनाएको छ ।

आयोजना प्रमुख इञ्जिनियर विश्वबन्धु केसीले एउटा डिप बोरिङबाट करिब २५ देखि ३० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने बताए । 'हामीले गत वर्षबाट मात्रै नवलपरासी (बर्दघाट–सुस्तापूर्व)मा डिप बोरिङको काम गरेका हौँ', उनले भने, 'एउटा डिप बोरिङबाट करिब १५० जनासम्म कृषक लाभान्वित हुनुभएको छ ।' जिल्लाको गैँडाकोट नगरपालिकामा पाँच, विनयी त्रिवेणी गाउँपालिकामा चार, मध्यविन्दु नगरपालिकामा तीन, कावासोती नगरपालिकामा तीन र देवचुली नगरपालिकामा एउटा डिप बोरिङ वितरण गरिएको जानकारी दिए । किसानबाट माग भएपछि सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा डिप बोरिङ वितरण गरिने आयोजना प्रमुख केसीले बताए ।

'डिप बोरिङ माग गर्नका लागि ३५ बिघा क्षेत्रफल जमिनको लालपुर्जा र वडाको सिफारिस लिएर आउनुपर्छ', उनले भने, 'डिप बोरिङमा पानी आउने सम्भावित अवस्था छ कि छैन अनुगमन गरेर, आवश्यकता पहिचान गरी प्रक्रियामा जान्छौँ ।' किसानबाट डिप बोरिङको माग धेरै हुने तर स्रोतसाधनको सीमितताका कारण सबैलाई उपलब्ध गराउन सक्ने अवस्था नरहेको उनले बताए ।

चालु आवका लागि नवलपुरका पाँच वटा पालिकाबाट २० डिप बोरिङको माग भई आएको केसीले बताए । 'अघिल्लो वर्ष किसानको मागबामोजिम डिप बोरिङ वितरण गर्न सफल भयौँ, तर यसवर्ष बजेट थोरै आएको छ', उनले भने, 'हाम्रो कार्यक्रममा नवलपुर, चितवन र मकवानपुरको तीन जिल्लाका लागि जम्मा १२ वटा बोरिङ स्वीकृत भई आएको छ ।' समानुपातिक हिसाबबाट वितरण गर्दा पनि एउटा जिल्लामा चारवटाभन्दा बढी डिप बोरिङ उपलब्ध गराउन सक्ने अवस्था नरहेको उनले बताए ।

प्रतिबोरिङ निर्माण गर्नका लागि २१ लाख रुपैयाँ खर्च हुने भन्दै उनले तीन प्रतिशत जनसहभागिता हुनुपर्ने बताए । 'किसानको जनसहभागिता श्रमदान तथा नगद दुवैमा गर्न सक्नुहुन्छ', उनले भने, 'हालसम्म किसानको सहभागिता श्रमदानमार्फत हुँदै आएको छ ।' नवलपुरको गैँडाकोट, कावासोती र विनयी त्रिवेणीमा करिब १०० मिटर गहिराइबाट पानी आउने गरेको भन्दै उनले मध्यविन्दु र देवचुलीमा भने ११० मिटरभन्दा बढी गहिराइको बोरिङ गाड्नुपरेको बताए ।

'हामीले आवश्यकता पहिचान गर्दा नहर लाग्ने, कुलो लाग्ने तथा खोलाको पानी लाग्ने ठाउँमा बोरिङ वितरण गर्दैनौँ', उनले भने, 'जुन ठाउँमा सिँचाइका लागि पानी आवश्यक छ, कुलो तथा नहर छैन त्यस्ता ठाउँमा मात्रै बोरिङ दिने गरेका छौँ ।'

बोरिङ गाड्दा पानी आउने सम्भावना नभएको ठाउँमा समेत आफूहरुले कार्यक्रम दिन नसक्ने केसीले बताए । जिल्लाको हुप्सेकोट गाउँपालिका, बौदिकाली गाउँपालिका र बुलिङटार गाउँपालिकाको सबै भाग पहाडी क्षेत्रमा पर्ने भन्दै उहाँले ती पालिकामा आफूहरुको कार्यक्रम नभएको बताए । रासस

# नेप्से परिसूचकमा ५३ उच्च अङ्कको सुधार

**काठमाडौँ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको सुधार देखिएको छ। बुधवार नेप्से परिसूचक ५३ दशमलव शून्य एक अङ्कले बढेर दुई हजार ८१९ दशमलव १० को विन्दुमा कायम भएको हो। यो एक दशमलव ९१ प्रतिशतको सुधार हो।

आज ३२१ कम्पनीको एक करोड ४९ लाख ८६ हजार १४२ कित्ता शेयर ७२ हजार ५२८ पटक खरिदबिक्री हुँदा सात अर्ब ६८ करोड ३३ लाख ८६ हजार ४४१ दशमलव ७० रुपैयाँ को कारोबार भएको नेप्सेले जनाएको छ । आजको कारोबारमा सबै समूहको उपसूचक बढेको छ। बैंकिङ एक दशमलव ३८, विकास बैंक तीन दशमलव ४०, वित्त एक दशमलव ९८, होटल तथा पर्यटन एक दशमलव ६६, जलविद्युत् एक दशमलव ८५, लगानी दुई दशमलव १९ र जीवन बिमा समूह दुई दशमलव २१ प्रतिशतले बढेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन दुई दशमलव ६९, लघुवित्त एक दशमलव शून्य नौ, म्युचुअल फण्ड शून्य दशमलव ४७, निर्जीवन बिमा एक दशमलव ६८, व्यापार दुई दशमलव ६८ र अन्य समूह दुई दशमलव १४ प्रतिशतले बढेको छ । विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी केबिएल डिबेञ्चर–२०८६ को शेयर मूल्य पाँच दशमलव ७९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६५ करोड ४२ लाख ७४ हजार २५५ बराबरको शेयर किनबेच भएको छ।

त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा ग्रीन भेन्चर लिमिटेडको आठ लाख ४६ हजार ६२३ कित्ता शेयर किनबेच भएको छ।रासस

# साउनमा १४ अर्बभन्दा बढी सरकारी ऋण थप

**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा १४ अर्ब रुपैयाँ भन्दा बढी सरकारी ऋण थपिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयद्वारा प्रकाशित गत साउन मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार चालु आवको सुरुमा कूल सार्वजनिक ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड रुपैयाँ रहेकामा साउन मसान्तसम्ममा १४ अर्ब दुई करोड रुपैयाँ वृद्धि भई २६ खर्ब ८३ अर्ब ६० करोड रुपैयाँ पुगेको हो । यो कूल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ९४ प्रतिशत हुन आउने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव २६ प्रतिशत अर्थात् १४ खर्ब दुई अर्ब ४७ करोड ६५ लाख रुपैयाँ छ भने आन्तरिक ऋणको हिस्सा ४७ दशमलव ७४ प्रतिशत रहेको छ । चालु आवका लागि सरकारले पाँच खर्ब ९५ अर्ब रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा साउन मसान्तसम्ममा ४४ अर्ब ५७ करोड रुपैयाँ ऋण उठाइसकेको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा कूल सार्वजनिक ऋण प्राप्ति सात दशमलव ४८ प्रतिशत बराबर रहेको जनाइएको छ । आन्तरिकतर्फ तीन खर्ब ६२ अर्ब रुपैयाँ ऋण उठाउने लक्ष्य रहेकामा पहिलो महिना ११ दशमलव शून्य पाँच प्रतिशत अर्थात् ४० अर्ब रुपैयाँ ऋण उठाइएको हो । बाह्यतर्फ दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख रुपैयाँ ऋण उठाउने लक्ष्य रहेकामा साउनमा एक दशमलव ९६ प्रतिशत अर्थात् चार अर्ब ५७ करोड ४८ लाख रुपैयाँ बराबर ऋण उठाइएको कार्यालयले जनाएको छ ।

त्यस्तै, चालु आर्थिक वर्षमा सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि चार खर्ब ११ अर्ब एक करोड रुपैयाँ बजेट विनियोजन भएकामा साउन मसान्तसम्ममा ३६ अर्ब ६८ करोड रुपैयाँ भुक्तानी भइसकेको छ । वार्षिक बजेट विनियोजनका आधारमा सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि छुट्याइएको बजेट आठ दशमलव ९३ प्रतिशत बराबर रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । रासस

# कोरियाबाट प्रविधि हस्तान्तरणसहित दक्ष जनशक्ति विकासमा सहयोग हुनुपर्छः श्रममन्त्री

**काठमाडौं ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले कोरिया सरकारले नेपालमा इपिएस (भ्एक्) कार्यक्रम सन्चालन गरी नेपाली युवाहरुलाई रोजगारीको अवसर प्रदान गरेकोमा धन्यवाद दिएका छन्।

बुधवार मन्त्रालयमा कोरिया सरकारको श्रम तथा रोजगार मन्त्रालय र मानव संसाधन विभागको प्रतिनिधि मण्डलसँग भएको छलफलमा मन्त्री भण्डारीले इपिएस कार्यक्रममार्फत अवसर पाएका युवाहरुले कोरियाको विकासमा समेत योगदान पु¥याएको बताएका छन्।




उनका अनुसार कोरिया नेपाली युवाहरुको लागि आकर्षक रोजगारी गन्तव्यको रुपमा स्थापित भइसकेको छ। उनले उदाहरण दिँदै भने, "पाँच हजार युवाहरुकालागि खुलाइएको अवसरमा एक लाखभन्दा बढीले आवेदन दिनु, कोरिया जान युवाहरु कति इच्छुक छन् भन्ने स्पष्ट प्रमाण हो।"

मन्त्री भण्डारीले नेपाली युवाहरुलाई केवल रोजगारीका लागि मात्र नभई कोरियामा काम गर्ने संस्कार, उच्च प्रविधिको ज्ञान र सीप हासिल गर्न पठाउनुपर्ने बताए। उनले विदेशमा काम गरेर केही पुँजीसहित फर्किएपछि मुलुकको विकासमा योगदान दिने विश्वास व्यक्त गरे।

"सीपबिनाको रोजगारी सम्भव हुँदैन," मन्त्री भण्डारीले भने, 'त्यसैले कोरियाको प्रविधि नेपालमा हस्तान्तरण गर्दै दक्ष जनशक्ति उत्पादन गर्ने हाम्रो प्राथमिकता हो।' उनले विस्तारै निजी तालिम प्रदायक संस्थाहरुलाई मापदण्ड र गुणस्तर निर्धारण गरेर तालिम सञ्चालन गर्ने आधार तयार गर्ने पनि जानकारी दिए। उनले कोरियाको हुन्डाई मोटर कम्पनीले नेपालमा अटोमोबाइल एसेम्बल गर्ने तयारी भइरहेकाले गुणस्तरीय तालिम र दक्ष जनशक्ति उत्पादन अनिवार्य रहेको बताए।

कोरियन सरकारले हाल पनि विभिन्न माध्यमबाट नेपालमा दक्ष जनशक्ति निर्माणमा सहयोग गर्दै आएको छ। मन्त्री भण्डारीले कोरियाबाट आएको उच्च प्राविधिक टोलीले दुवै देशको हित हुने गरी ठोस निष्कर्षसहित अघि बढ्ने विश्वास व्यक्त गरे।

नेपाल सरकार र कोरिया सरकारबीच अटोमोबाइल, वेल्डिङ, पलम्बर र इलेक्ट्रिकल गरी चार क्षेत्रमा उच्च गुणस्तरका तालिम सञ्चालन गर्ने सम्झौता भएको छ। यस कार्यक्रममार्फत दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले कोरियाले नेपाललाई सहयोग उपलब्ध गराएको मन्त्रालयले जनाएको छ। रासस

# कप्तान भण्डारी तनहुँमा सम्मानित

**तनहुँ ।**
राष्ट्रिय महिला फुटबल टोलीका कप्तान सावित्रा भण्डारीलाई तनहुँको दुलेगौडामा सम्मान गरिएको छ । शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घ वडा व्यवस्थापन समिति वडा नम्बर ४ ले तीजको अवसरमा बुधवार यहाँ आयोजना गरेको तीज गीत प्रतियोगिताको अवसरमा भण्डारीलाई नगद ५० हजार रुपैयाँ सहित सम्मान गरिएको हो । भण्डारीलाई गण्डकी प्रदेशसभा सदस्य सरिता गुरुङ, शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले दोसल्लाले सम्मान गरे । खेलमार्फत नेपाललाई विश्वमाझ चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै कप्तान भण्डारीलाई सम्मान गरिएको वडा व्यवस्थापन समितिका अध्यक्ष



कृष्ण विकले जानकारी दिए ।

कार्यक्रममा कप्तान भण्डारीले जुन क्षेत्रमा भए पनि कडा परिश्रम गर्ने हो भने सफलता प्राप्त हुने बताए । गाउँमा मोजाको बल खेल्दै काठमाडौँ पुगेको विगत स्मरण गर्दै भण्डारीले भने, 'म दाइहरुसँग फुटबल खेल्थे । जहिले पनि गाली खान्थेँ, पिटाइ खान्थेँ । मैले तत्कालीन समयमा गरेको मेहिनतका कारण आज यो ठाउँमा छु ।'

त्यस अवसरमा गण्डकी प्रदेशसभा सदस्य गुरुङले खेलकुदले हरेक नेपालीलाई एकापसमा जोड्ने काम गरेको बताए ।

गुरुङले खेलकुदको माध्यमबाट भण्डारीले नेपाललाई विश्वमाझ चिनाउन सहयोग गरेको बताए ।रासस

# अमेरिकाले भारतीय वस्तुमा आजदेखि ५० प्रतिशत कर लगायो

**काठमाडौं ।**
संयुक्त राज्य अमेरिकाले भारतबाट आयात हुने बस्तुमा आजदेखि ५० प्रतिशत कर लगाएको छ । अमेरिकी सरकारले भारतीय सामान आयातमा २७ अगस्ट बिहान साढे ९ बजेदेखि थप २५ प्रतिशत अतिरिक्त कर लगाउन सुचना जारी गरेको छ । यस अघि अमेरिकाले भारतीय बस्तु आयातमा २५ प्रतिशत कर लगाउँदै आएको थियो ।

अमेरिकाले भारतबाट आयात हुने कपडा, गहना, छाला उत्पादन, मेसिनरी, फर्निचर र सामुद्रिक वस्तुमा थप २५ प्रतिशत शुल्क लगाउँदै कुल ५० प्रतिशत शुल्क असुल्ने घोषणा गरेको छ । औषधि, इस्पात, तामा, एल्युमिनियम र यात्रुवाहक सवारी साधनमा भने यो अतिरिक्त शुल्क लागू हुनेछैन ।

यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको अगस्ट ६ मा जारी कार्यकारी आदेशअनुसार भारतले रुसबाट सस्तोमा पेट्रोलियम पदार्थ खरिद गरिरहेको आरोपमा लिइएको हो । भारतीय उद्योगी र निर्यातकर्ताले अमेरिकाको कदमले निर्यातमा ठूलो ह्रास ल्याउने र नाफामा प्रत्यक्ष असर पार्ने बताएका छन् । भारतको वाणिज्य मन्त्रालयले निर्यातकर्तालाई जोगाउन उपाय गर्ने आश्वासन दिएको छ, तर अहिलेसम्म अमेरिकाविरुद्ध प्रतिशोधात्मक कदम उठाएको छैन ।

प्रधानमन्त्री नरेन्द्र मोदीले दबाब सहँदै पनि किसान र साना व्यवसायीलाई हानी हुन नदिने प्रतिबद्धता जनाएका छन् । रिजर्भ बैंकका गर्भनरले शुल्कको समग्र अर्थतन्त्रमा न्यून प्रभाव पर्ने विश्वास व्यक्त गरेका छन् भने विदेशमन्त्री एस. जयशंकरले ट्रम्पको कदमलाई "अन्यायपूर्ण र अव्यावहारिक" भन्दै कुनै सम्झौता नगर्ने अडान दोहोर्याएका छन् । रासस

# रूसद्वारा युक्रेनमाथि बहुआयामिक आक्रमण गरेको दाबी दुई गाउँ कब्जाको दाबी युक्रेनद्वारा अस्वीकार



**काठमाडौं ।**
मंगलबार रूस र युक्रेनले युद्धको अवस्थाबारे फरक–फरक दाबी गरेका छन् । रूसी रक्षा मन्त्रालयका अनुसार गत २४ घण्टामा रूसी सेनाले युक्रेनका १४२ क्षेत्रमा आक्रमण गर्दै युक्रेनी ड्रोन नियन्त्रण तथा प्रक्षेपण स्थल, युक्रेनी सेना र विदेशी लडाकुहरूको अस्थायी तैनाथ स्थानहरू लक्षित आक्रमण गरेका छन् । ती आक्रमणमार्फत युक्रेनी ट्याङ्क, तोपखाना, विद्युतीय युद्ध प्रणालीका आधार केन्द्र र आपूर्ति गोदामहरू नष्ट गरिएको रूसी दाबी छ । साथै, रूसी हवाई प्रतिरक्षाले युक्रेनका ६ हवाई–नियन्त्रित बम, १ नेप्च्यून लामो दूरीको क्षेप्यास्त्र र १९१ ड्रोन खसालेको जनाएको छ ।

तर, युक्रेनी सशस्त्र बलको जनरल स्टाफले भने आफ्ना विशेष फौजले क्राइमियामा अपरेशन सञ्चालन गरी रूसी सेनाको युद्ध आपूर्ति प्रयोजनका रसद पूर्वाधार निष्क्रिय बनाएको जनाएको छ ।

युक्रेनले आफ्ना दुईओटा गाउँहरु रूसी नियन्त्रणमा पुगेको दाबीलाई अस्वीकार गर्दै ती क्षेत्रमा रूसी अग्रगमन रोकिएको र लडाइँ अझै जारी रहेको स्पष्ट पारेको छ । दुवै पक्षका ताजा दाबीहरूले युद्धभूमिमा संघर्ष अझै तीव्र बनेको संकेत गरेका छन् ।सीसीटीभी

# एकै महिनामा एक अर्ब ५० करोडको पेट्रोलियम पदार्थ आयात

**झापा ।**
चालु आर्थिक वर्षको पहिलो महिनामा काँकडभिट्टाबाट एक अर्ब ५० करोड १३ लाख ६५ हजार रुपैयाँ मूल्यबराबरको पेट्रोलियम पदार्थ आयात भएको छ ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार आव २०८१/८२ को सोही अवधिको तुलनामा पाँच करोड २२ लाख रुपैयाँ अर्थात् तीन दशमलव ६० प्रतिशतले पेट्रोलियम पदार्थ आयातमा वृद्धि भएको छ । आयातमा सामान्य वृद्धि भएसँगै पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व पनि ११ दशमलव ८० प्रतिशत अर्थात् सात करोड ९१ लाख ५३ हजार रुपैयाँ ले बढेको उनले बताए ।

पेट्रोलियम पदार्थ आयातबाट ७४ करोड ८३ लाख ३२ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । उक्त अवधिमा ७७ करोड तीन लाख रुपैयाँ को आठ हजार ९०४ किलोलिटर पेट्रोल आयात भएको थियो भने ४४ करोड ११ लाख रुपैयाँको चार हजार ६७६ किलोलिटर डिजेल आयात भएको छ ।

त्यसैगरी, २० करोड तीन लाख रुपैयाँको एक हजार ९३३ मेट्रिक टन एलपी ग्यास, सात करोड तीन लाख रुपैयाँको सात सय ९२ किलोलिटर एटीएफ र एक करोड १३ लाख रुपैयाँ मूल्यको एक सय २८ किलोलिटर मट्टितेल आयात भएको छ ।रासस

# चार हजारभन्दा बढी क्षेत्रफलमा मकै बीउ प्रवर्द्धन कार्यक्रम सञ्चालन



**तनहुँ।**
यहाँस्थित कृषि ज्ञान केन्द्रले जिल्लाका चार हजार ८५ रोपनी क्षेत्रफलामा मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ। केन्द्रले आर्थिक वर्ष २०८१÷८२ मा जिल्लाका २० कृषक समूहमार्फत उक्त कार्यक्रम सञ्चालन गरेको हो।

मकै बीउ उत्पादन तथा मकै बाली प्रवरद्धन कार्यक्रमलाई प्रदेशस्थित कृषि, भूमि तथा सहकारी मन्त्रालयले प्राथमिकतामा राखेको केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए। उनका अनुसार उक्त कार्यक्रम सञ्चालनका लागि एउटा समूह (क्लष्टर) मा कम्तीमा पनि एक सय रोपनी जग्गा हुनुपर्ने प्रावधान छ।

कार्यक्रम सञ्चालनका लागि ६८ लाख रुपैयाँ बजेट रहेकामा ३९ लाख दुई हजार रुपैयाँ खर्च भएको लामिछानेले जानकारी दिए। उनका अनुसार कार्यक्रमअन्तर्गत समूहलाई ५० देखि ८५ प्रतिशतसम्म अनुदानमा विविध सामग्री उपलब्ध गराइएको छ।

लामिछानेका अनुसार मकै बीउ उत्पादनका लागि कृषक समूहलाई पाँच हजार ४१४ किलो बीउ वितरण गरिएको छ।

उनले भने, '३९ थान मिनिटिलर, २१ थान कम्बाइन मिल, ४७ थान मकै छोडाउने उपकरण, १४ थान डिजिटल तराजु, ५२ थान स्प्रेयर, चार सय २० थान त्रिपाल र दुई सय मिटर कुलो वितरण गरिएको छ।'

आँबुखैरेनी गाउँपालिका–६ स्थित एकता कृषक समूहले एक सय रोपनी क्षेत्रफलमा मकै बीउ उत्पादन तथा बाली प्रवद्र्धन कार्यक्रम सञ्चालन गरेको छ।

आँबुखैरेनी–६ का घलडाँडा कृषक समूहले चार सय, आँबुखैरेनी–२ स्थित गाउँघर कृषक सहकारी संस्थाले दुई सय, ऋषिङ गाउँपालिका–३ स्थित मिलीजुली कृषि तथा पशुपालन समूहले एक सय २०, घिरिङस्थित कालीगण्डकी कृषि सहकारी संस्थाले एक सय ५०, बन्दीपुरस्थित हिमशिखर बहुउद्धेश्यीय सहकारी संस्थाले एक सय, बन्दीपुरकै आँधीमूल तरकारी उत्पादक कृषि सहकारी संस्थले तीन सय, व्यासस्थित पिपलटार कृषक समूहले एक सय, हरियाली फलफूल तरकारी कृषक समूहले एक सय ६०, जौबारी कृषक समूहले एक सय, बर्लाची कृषि उत्पादक सहकारीले चार सय, पोखरीडाँडा कृषक समूहले एक सय, अन्नपूर्ण कृषि उत्पादक सहकारीले एक सय क्षेत्रफलमा कार्यक्रम विस्तार गरेका केन्द्रका प्रमुख लामिछानेले जानकारी दिए।

भानुस्थित साथ फलफूल तथा कृषि सहकारी संस्थाले चार सय, नवआकृति बहुउद्धेश्यीय कृषक समूहले एक सय ५०, समता कृषि सहकारी संस्थाले तीन सय, फाउदी कृषि सहकारी संस्थाले पाँच सय, म्याग्देस्थित नेपानेटारी कृषक समूहले एक सय पाँच, माहिन्द्री गङ्गा कृषि सहकारी संस्थाले दुई सय र म्याग्देस्थित नमूना कृषि तथा पशुपालन कृषक समूहले एक सय क्षेत्रफलमा मकै बीउ उत्पादन तथा बाली प्रवद्र्धन विस्तार गरेका उनले बताए। रासस

# बेनीमा २० वर्षपछि 'थेत्तोर' नाच

**म्याग्दी।**
बेनीमा २० वर्षपछि थेत्तोर (धानको बाला) नाच प्रदर्शन गरिएको छ। नेपाल भाषा मंकाःखल, मैजुःखल र ल्यामः पुचका कलाकारले मङ्गलबार हरितालिका तीजको अवसरमा मौलिक र परम्परागत थेत्तोर नाच प्रदर्शन गरेका हुन्।

भाषा मंकाःखलका कलाकार सञ्जयकुमार श्रेष्ठले २० वर्षपछि बेनीमा थेत्तोर नाच देखाइएको जानकारी दिए। यसअघि विसं २०६२ मा यो नाच देखाइएको थियो। कलाकारहरुको अभावका कारण बर्खेनाचअन्तर्गतको थेत्तोर नाच नियमित प्रदर्शन हुन सकेको थिएन। थेत्तोरलाई धानको बाला नाचका रुपमा चिन्ने गरिन्छ।

थेत्तोर नाचमा परदेशी घर फर्कने क्रममा बाटोमा हुने घटनाक्रमलाई प्रस्तुत गरिने कलाकार विनोद श्रेष्ठले बताए। 'परापूर्वकालमा रोजगारीका लागि छिमकी मुलुक भारत गएकाहरु घर फर्कने क्रममा बाटोमा बास बस्दा हुने नाचगानका विषयवस्तुलाई ठट्यौली रुपमा गीतमा प्रस्तुत गरिन्छ', उनले भने, 'मौलिक गीतको लय र सुर तालमा लाहुरे, युवतीहरु र जोक्करले गर्ने अभिनय रोचक हुन्छ।'



थेत्तोर नाचमा यसपालि बेनी सामुदायिक माविका विद्यार्थी कलाकार सहभागी भएका थिए। नाचका लागि वाद्यवादनसहित ३० जनाभन्दा बढी कलाकार आवश्यक पर्छ। बेनी वरपरका गाउँबस्तीमा धान र कोदो रोपाइँको काम सकेपछि स्थानीयहरु मनोरञ्जनका लागि बर्खेनाच हेर्न बेनी आउने यहाँको पुरानो चलन हो।

बेनीमा घण्टाकर्ण चर्तुदर्शीका दिनदेखि सुरु भएको बर्खेनाचको तीज पर्वका दिन समापन गरिएको छ। दानवीय स्वरूपको लाखेलाई भगवान् श्रीकृष्णले वध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच समापन गरिएको हो।

दुई सय वर्षअघि बेनी बजारमा बस्ती बसेदेखि नै बर्खेनाच सुरु भएको विश्वास छ। घण्टाकर्ण चर्तुदर्शीदेखि तीजका दिनसम्म विभिन्न नाच देखाइने यस बर्खे नाचले यहाँ जात्राकै रौनक दिने गरेको छ। यसवर्ष लाखे, घोडा, गोरु, रोपाइँ, नागागागिनी र थेत्तोर नाच देखाइएको ल्यामः पुःचका अध्यक्ष जेनेश श्रेष्ठले बताए। बर्खे नाचमा मृदृङ्गा र मादलको तालमा नृत्य गरिन्छ। सबैजसो नाचमा परम्परागत समाजको चित्रण गरिन्छ।

लाखेनाचमा परापूर्वकालमा समाजमा दुःख दिएको र विकृति फैलाएको घण्टाकर्ण नामको राक्षसको हत्यापछि राक्षसकी श्रीमतीले पति वियोगमा गरेको चरित्रलाई देखाउने चलन रहेको नेपाल भाषा मंःकाःखल म्याग्दीका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताए।रासस

# बजेट अभावले नेपाल आमाको मूर्ति निर्माण अलपत्र



**कञ्चनपुर।**
कञ्चनपुरको भीमदत्त नगरपालिका–८ स्थित चुरेफेदमा रहेको भम्केनी धाममा निर्माणाधीन ७५ फिट अग्लो नेपाल आमाको मूर्ति बजेट अभावले अलपत्र परेको छ।

जगतगुरु मोहनशरण देवाचार्यले आठ वर्षअघि साविकका ७५ वटै जिल्ला चिनाउने गरी ७५ फिट अग्लो नेपाल आमाको मूर्ति निर्माणको सुरुवात गरेका थिए। मूर्ति निमार्णका लागि जगतगुरु मोहनशरण देवाचार्यले जनताको दानबाट केही धातु र नगद सङ्कलन गरे पनि राज्यस्तरबाट सहयोग नहुँदा मूर्ति निर्माण पूरा भएको छैन।

'प्रदेश सरकारका मुख्यमन्त्रीलगायतका अधिकांश नेतालाई भेटेरै मूर्ति निर्माण लागि तीन करोड रुपैयाँ बजेट विनियोजन गरिदिन आग्रह गरेको थिएँ', जगतगुरु मोहनशरण देवाचार्यले भने, 'सरकारबाट सहयोग प्राप्त भएको छैन।'

उनले उक्त मूर्ति राष्ट्रलाई जोड्ने अभियान भएकाले यसको पूर्णताका लागि सबैको सहयोगको आवश्यकता रहेको बताए। मूर्ति निर्माणका लागि २०७४ सालमा भ्याली कन्स्ट्रक्सनलाई रु १० करोड ८१ लाखमा ठेक्का दिइएको थियो।

जगतगुरु मोहनशरण देवाचार्यले २०७२ साल वैशाखदेखि २०७४ माघसम्म नेपाललाई दाहिने पारेर परिक्रमा गर्दा २२ टनसम्म तामा, पित्तललगायतका धातु सङ्कलन भएका थिए। त्यसबाहेक स्थानीयले तीन टन धातु दान गरेका थिए। यही धातुबाट मूर्ति निर्माण सुरु भए पनि पर्याप्त बजेट नहुँदा निर्माण पूरा हुन सकेको छैन। भम्केनी धाममा जगतगुरु मोहनशरण देवाचार्यले धार्मिक गतिविधि गर्न थालेपछि चहलपहल हुन थालेको हो। यहाँ नेपाल आमाको मूर्ति निर्माण सुरु गरिएपछि धामको महत्व बढेको र धार्मिक पर्यटक बढ्न थालेको स्थानीय बताउँछन्। 'जगतगुरु यहाँ आएर मूर्ति बनाउन थालेपछि यो क्षेत्र चर्चामा आएको हो अहिले झापादेखिका मानिस आउने गरेका छन', स्थानीय मोहनदेव जोशीले भने। पाण्डवहरु वनवासको समयमा यस क्षेत्रका कुवामा पानी निकाल्दा भक्कानिएर पानी आएकाले यसलाई भम्का भनिएको र यस क्षेत्रको इतिहास महाभारतसँग जोडिएको विश्वास गरिन्छ। 'यो सिद्धबैजनाथको भूमि भएकाले यसको महत्व धेरै छ त्यसमा पनि पाण्डवले यो क्षेत्रमा बास बसेको किंम्वदन्ती पनि छ।'धाममा सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाको फरक–फरक कुण्डहरु निर्माण गरिएको स्थानीय निर्मला भट्टको भनाइ छ। रासस

# जीविकाका लागि उद्यमशील बन्दै पूर्वसांसद विश्वकर्मा

**झापा।**
प्रतिनिधिसभाकी पूर्वसांसद विमला विश्वकर्मा पछिल्लो समय राजनीतिसँगै आत्मनिर्भरताका लागि व्यापारमा सक्रिय छन। झापाको विर्तामोड नगरपालिका–१ निवासी उनि अर्थोपार्जनका लागि सरसफाइसम्बन्धी रासायनिक सामानको व्यापारमा लागेका हुन। उनलाई हलुका तीन पाङ्ग्रे सवारीसाधनमा सामानहरू राखेर सहरका गल्ली र चोकमा बिक्री गर्दै हिँडेको अवस्थामा भेट्न सकिन्छ।

'राजनीति समाजको सेवा हो भने व्यापार जीविकोपार्जनको माध्यम हो', विश्वकर्माले भने, 'राजनीति इमानदारीपूर्वक गरिने जनसेवा भएकाले त्यसबाट जीविकोपार्जन हुँदैन। म र मेरो परिवारको दैनिकी जीवन चलाउन आम्दानीमूलक उद्यम गर्नै पर्छ। त्यसैले व्यापारको बाटो रोजेकी हुँ।'

पूर्वसांसद विश्वकर्मा मजदूर क्षेत्रबाट राजनीतिमा आएका हुन। नेपाल कम्युनिष्ट पार्टी (एमाले)को भ्रातृ सङ्गठन जिफन्टको कार्यकर्ताका रूपमा उहाँले लामो समय सङ्घर्षमय भुइँतहको राजनीतिक जीवन बिताएका थिए। पार्टीले विसं २०७४ मा समानुपातिक कोटाबाट प्रतिनिधिसभाको सदस्य निर्वाचित गरेपछि उनको जिम्मेवारी फेरियो।

'पदीय जिम्मेवारी अस्थायी कुरा हो भन्ने मलाई हेक्का थियो', उनले भने, 'त्यसैले सांसदको जिम्मेवारी सकिएपछि केही नयाँ उद्यम गरौँ भन्ने मनमा लागिरहेको थियो।

त्यही भएर उद्योगमा हात हालेकी हुँ।' पूर्वसांसद विश्वकर्माले घरमा २५ लाख रुपैयाँ को लगानीमा 'युनिक केमिकल उद्योग' सञ्चालन गरिरहेका छन। उक्त उद्योगबाट कालो फिनेल, सेतो फिनेल, ट्वाइलेट क्लिनर, भाँडा माझ्ने डिसवास, सिसा पुछ्ने कोलिन र हेन्डवासलगायत सरसफाइका सामग्री उत्पादन भइरहेका उनले जानकारी दिए।

'आफू जहाँ गए पनि झोलामा वा गाडीमा आफ्नो उद्योगबाट उत्पादित सामानहरू लिएरै जान्छु', उनले सुनाए, 'मैले व्यापार थालेकी छु है साथीहरू भन्छु। चिनेजानेका साथीसँग भेटेर व्यापारका बारेमा सूचना दिने गर्छु। भेटमा साथीहरूले एकएक पोका सामान किनिदिनु हुन्छ।'

अखिल नेपाल महिला सङ्घ झापाले दमकमा हालै आयोजना गरेको तीज विशेष कार्यक्रममा पूर्वसांसद विश्वकर्माले बिक्रीका सामानसहित सहभागिता जनाए। तीज मनाउन भेला भएका जिल्लाभरका साथीहरूले सामान किनिदिएका उनले बताए।

राजनीति गर्नेहरूले व्यवसायमा नजोडिने हो भने धेरै प्रश्न उठ्ने भएकाले राजनीतिक जिम्मेवारी निर्वाहसँगै महिला उद्यमी बन्ने आफ्नो चाहना रहेको उनले बताए। सानो लगानीबाट आफूले उद्यम सुरु गरेको जनाउँदै उनले सामान उत्पादन गर्न छोराछोरीले सहयोग गरिरहेका उल्लेख गरे। बढी उत्पादन गरेर मात्र नहुने भन्दै बजारीकरणका लागि आफू पहिला बजार खोज्नतिर केन्द्रित भएको उनले जानकारी दिए।

उनले आठ प्रकारका सामानलाई प्याकेज बनाई एक हजार रुपैयाँमा बिक्री गर्दै आएका छन। विर्तामोड नगर अस्पताल, विर्तामोड नगरपालिका, केही सुपर मार्केटलगायत सङ्घसंस्थाले नियमित रूपमा सामान खरिद गरिदिने गरेका विश्वकर्माले जानकारी दिए।

उनि हाल नेकपा एमालेको कोशी प्रदेश कमिटीको सचिवालय सदस्य एवं मुक्ति समाजको झापा इञ्चार्जको राजनीतिक जिम्मेवारीमा छन। 'व्यापारमा लाग्नु भनेको राजनीति छाडेको भन्ने होइन', उनले भने, 'उद्योग र व्यापारमा बढी समय दिइरहेकी छु। राजनीतिक काम पनि गरिरहेकै छु।'रासस

# ऐतिहासिक नाच्नेडाँडामा गुञ्जिए तीजका भाका

**गण्डकी।**
तीज पर्व र नाच्नेडाँडाको साइनो पुरानो हो। परापूर्वकालदेखि नै यहाँ तीज मनाउने परम्परा रहेको पाकापुराना बताउँछन्। विसं १८१० मा स्थापना भएको सिद्धेश्वर शिवालय मन्दिर पनि यही रहेकाले नाच्नेडाँडाको ऐतिहासिक महत्व पुष्टि हुन्छ। बागलुङको गलकोट नगरपालिका–७ मल्मस्थित नाच्नेडाँडा तीजको पर्याय नै बनेको छ। तीज आयो कि यहाँको रौनक फेरिइहाल्छ।

तीजमा नाचगान हुन थालेपछि ठाउँको नामै नाच्नेडाँडा रहन गएको हो। यहाँ बर्सेनि तीजमा मेला लाग्छ। यसपालि पनि दुई दिनसम्म मेला चल्यो। कुनैताका स्वतःस्फूर्त ढङ्गले चल्दै आएको मेला अहिले संस्थागत भइसकेको छ।

सोमबार तीजको दर खाने दिन थियो। गाउँका छोरीचेली नाच्नेडाँडामा भेला भएर सामूहिक दर खाए।

तीजका गीतमा छमछमी नाचे। कूर्चीदौडलगायत खेलमा रमाए। मङ्गलबार तीज गीत तथा नृत्य प्रतियोगितासहित सांस्कृतिक कार्यक्रम भए। कलाकारले प्रस्तुति दिए।

प्रतियोगितामा ११ समूहले भाग लिएको मेला आयोजक नाच्नेडाँडा संरक्षण समाजका अध्यक्ष सविता मरासिनीले जानकारी दिनुभयो।

मेलाका अवसरमा ज्येष्ठ महिला टुल्की दर्जी र सामाजिक अभियानकर्मी ललिता थापालाई सम्मान गरिएको उहाँले बताउनुभयो। तीज गीत तथा नृत्य प्रतियोगितामा न्यू लाइफ इङ्गलिस बोर्डिङ स्कूलको समूह प्रथम भई रू २५ हजार पुरस्कार प्राप्त गर्यो। दोस्रो स्थान हासिल गरेको जनहित माध्यमिक विद्यालयले २० हजार रुपैयाँ, तेस्रो हुने टोल सुधार आमा समूह, हरिचौरले १५ हजार रुपैयाँ, गलकोट बोर्डिङ स्कूल र गोल्डेन फ्यूचर बोर्डिङ स्कूलले सान्त्वना स्थान प्राप्त गरी पाँच हजार रुपैयाँका दरले पुरस्कार हात पारे।

प्रतियोगितामा सहभागीले मौलिक सृजनामा गीत तथा नृत्य प्रस्तुत गरेका थिए। कलाकारले तीजका पुराना भाकामा महिलाका दुःख, बेदनासहित सामाजिक विषयवस्तुलाई उठाएका थिए।

मेलाको उद्घाटनका क्रममा गण्डकी प्रदेशसभा सदस्य दिलमाया पौवीले तीज पर्वको मौलिकतालाई जगेर्ना गर्नुपर्ने बताए। उनले संस्कृति संरक्षणसँगै महिला सशक्तीकरण र अधिकारको रक्षाका दृष्टिले पनि तीजलाई हेर्नुपर्ने बताए।



उनले सिद्धेश्वर शिवालय मन्दिरलगायत नाच्नेडाँडामा आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

गलकोट–७ का वडाध्यक्ष राज थापाले विसं २०५० देखि तीज गीत तथा नृत्यलाई प्रतियोगितात्मक रुपमा सञ्चालन गर्न थालिएको बताए।

'त्योभन्दा पहिले स्वतःस्फूत रुपमा तीज मेला लाग्थ्यो, परम्परागत रुपमा त्यो चलेको थियो, विसं २०५० पछि मेला व्यवस्थित र संस्थागत गरिएको हो', उनले भने, 'नाच्नेडाँडा गलकोट क्षेत्रकै ऐतिहासिक थलो हो, यसको संरक्षण र विकासमा स्थानीय समुदायको ठूलो योगदान छ।'

दशकौँ पुरानो नाच्नेडाँडाको तीज मेला हेर्न गलकोट र बाहिरबाटसमेत आगन्तुक आउने गरेका छन्। सोही ठाउँमा अवस्थित दुई सय ७२ वर्ष पुरानो सिद्देश्वर शिवालय मन्दिरले पनि तीज पर्व र नाच्नेडाँडाको महिमा बढाएको हो।

तीजमा महादेवको व्रत बस्ने र पूजाआजा गर्ने महिलाको त्यहाँ उत्तिकै भीड लाग्छ। तीज लगत्तै पर्ने ऋषिपञ्चमीमा पनि शिवालयमा चहलपहल हुन्छ। पहिलेपहिले टाढा–टाढाबाट माइतीघर आएका चेलीबेटी भेट हुने, दुःख–सुख साट्ने, रमाउने ठाउँ नै यहीँ नाच्नेडाँडा हुन्थ्यो।

समय बदलिए पनि यो ठाउँको पहिचानलाई कायमै राख्न स्थानीय समुदाय लागिपरेका छन्। गलकोट क्षेत्रकै पुरानो शिवालय पनि यहीँ भएकाले यो ठाउँको विशेष महत्व रहेको छ।

अहिलेको पुस्ताले नयाँ स्वरुपमा भएपनि तीज मेलालाई निरन्तरता दिएका छन्। बर्सेनि मेलामा खुला तीज गीत तथा नृत्य प्रतियोगिता, सामूहिक दर खाने कार्यक्रम, कुर्चीदौड, घैँटोफोडलगायतका कार्यक्रम आयोजना गर्ने गरिन्छ। मेलाले तीजको पुरानो परम्परालाई जोगाउन मद्दत पुगेको समाजका सचिव कोपिला थापाले बताए। मौलिक तीज गीत, नृत्य, दर खाने कार्यक्रम आदिले नयाँ संस्कृतिको पुस्तान्तरणमा पनि सघाउने उनको भनाइ छ।

तीजमा आउने व्रतालु महिला र अरु भक्तजनका लागि सिद्धेश्वर शिवालयमा पूजाआजाका लागि पनि विशेष प्रबन्ध मिलाउने गरिएको छ। मन्दिर परिसरमा १०८ शिवलिङ्ग मण्डप निर्माण गरिएको छ।

यस क्षेत्रमै पहिलोपटक शिवलिङ्ग मण्डप बनेपछि पछिल्लो समय शिवालय मन्दिरमा भक्तजनको आकर्षण बढेको हो। झण्डै चार रोपनी क्षेत्रफलमा फैलिएको मन्दिरमा शिवरात्रि र बालाचर्तुदर्शी पर्वमा विशेष मेला लाग्ने गर्छ। शिवालयमा नित्य पूजाआजासमेत हुने गरेको छ। पाण्डवखानी भन्ने ठाउँबाट एक साधु आई त्यहाँ बस्न थालेपछि शिवालय स्थापना गरिएको गाउँका अगुवा बताउँछन्।

उक्त मन्दिर अहिले जीर्ण अवस्थामा छ। समितिले मन्दिरको पुनःनिर्माणसहित वृहत्तर विकास योजना अघि बढाएको छ। पुरातात्विक कलाकौशल झल्कने गरी मन्दिर पुनःनिर्माण गरिने जनाइएको छ। मन्दिरसहित धर्मशाला, सभाकक्षलगायतका संरचना यहाँ बन्नेछन्।रासस

# भूमि विधेयकविरुद्ध जसपाको विरोध प्रदर्शन निरन्तर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भूमि विधेयकको विरुद्धमा जनता समाजवादी पार्टी (जसपा) नेपालले बुधबार पनि आन्दोलनलाई निरन्तरता दिएको छ । जसपाले बुधबार जनकपुरधामको प्रमुख व्यापारिक केन्द्र जनक चोकमा प्रदर्शन गर्दै सरकारको नीति र विधेयक तत्काल फिर्ता लिन माग गरेको हो । विधेयक किसान र भूमिहीनहरूको हितविपरीत रहेको जसपाको आरोप छ । पार्टीका स्थानीय नेताहरूले सरकारले ल्याएको भूमि विधेयक भूमिहीनलाई अधिकार दिनुको सट्टा ठूला उद्योगपति र जमिनदारलाई



फाइदा पुर्याउने खालको रहेको दाबी गरेका छन् । प्रदर्शनलाई सम्बोधन गर्दै जसपा नेपालका नेताहरूले भूमि विधेयक खारेज नभएसम्म आन्दोलन तीव्र रूपमा अघि बढाइने चेतावनी दिए । उनीहरूले विधेयकले सामाजिक न्याय र समतामूलक भूमि वितरणको भावना कमजोर बनाउने भन्दै भूमिहीन र विपन्न वर्गलाई थप समस्या सिर्जना गर्ने बताए । जनक चोकमा प्रदर्शनका कारण करिब एक घण्टा सवारीसाधन सञ्चालनमा अवरोध भएको थियो । जसपा नेपालले भूमि विधेयकविरुद्ध देशव्यापी आन्दोलनको घोषणा गरेको छ । पार्टीले प्रदेशदेखि स्थानीय तहसम्म निरन्तर विरोध कार्यक्रम चलाउने जनाएको छ । यसअघि पनि पार्टीका कार्यकर्ताहरूले विभिन्न जिल्लामा प्रदर्शन गर्दै विधेयक जलाउने, नारा जुलुस गर्ने जस्ता कार्यक्रम सञ्चालन गरेका छन् ।

# मधेश प्रदेश सभाको छैटौँ अधिवेशन आजदेखि




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको छैटौँ अधिवेशन आज दिउँसो १ बजेबाट प्रारम्भ हुने भएको छ । मधेश सरकारको मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले अधिवेशन आह्वान गरेसँगै प्रदेश सभा सचिवालयले सम्पूर्ण तयारी पूरा गरेको जनाएको छ । प्रदेश सभा सचिवालयका अनुसार अधिवेशनको पहिलो बैठकमा विभिन्न दलका तर्फबाट शुभकामना मन्तव्य राखिने, महालेखापरीक्षकको छैटौँ र सातौँ वार्षिक प्रतिवेदन पेश गरिने, साथै विषयगत समितिहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरिने कार्यसूची रहेको छ । मधेश प्रदेश सभा गठन भएको पाँच वर्षपछि पहिलो पटक महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत हुन लागिरहेको तथ्यलाई ऐतिहासिक रूपमा लिइएको छ । तर, अधिवेशन सुचारु ढंगले सञ्चालन हुने वा नहुने भन्नेमा भने शंका यथावत् छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस सहितका अन्य विपक्षी दलहरूले सभामा अवरोधलाई निरन्तरता दिने चेतावनी दिएका छन् । उनीहरूले मधेश सरकारले आफूहरूको माग सम्बोधनप्रति बेवास्ता गरेको आरोप लगाउँदै अर्थमन्त्रीको राजीनामा माग गर्ने अडान लिएका छन् ।

यसैबीच, आगामी अधिवेशनमा दलहरूबीच सहमति र सहयोगको वातावरण बनाउन सभामुख रामचन्द्र मण्डलले आज बिहान ८ बजेका लागि सर्वदलीय बैठक बोलाएका छन् ।

सभामुखले सबै दलका भावनाहरू बुझेर अधिवेशनलाई प्रभावकारी बनाउन छलफल गर्न सर्वदलीय बैठक आवश्यक भएको बताएका छन् ।

# आयल निगम महेन्द्रनगर कार्यालयः एक वर्षमा तीन कार्यालय प्रमुख सरुवा

**जनकपुरधाम ।**
नेपाल आयल निगमको महेन्द्रनगर डिपो कार्यालय धनुषामा विगत एक वर्षमा तीनजना कार्यालय प्रमुखको सरुवा भएको छ । सो कार्यालयमा मनोजकुमार साह, मनिष न्यौपाने तथा रजीत कापडीको कार्यालय प्रमुख पदमा सरुवा भएको हो । कापडी अहिले विगत दुई महिनादेखि कार्यालयमा कार्यरत छन् । सरकारको स्वामित्वमा सञ्चालित सो आयल निगमको ऐन एवम् विनियमावलीमा प्रत्येक दुईवर्षमा कार्यालय प्रमुख तथा अधिकृतस्तरका कर्मचारीको सरुवा हुने प्रावधान रहेको छ । सरुवाले कार्यालयको काममा प्रभावकारी रुपमा व्यस्थापन तथा सञ्चालनमा समस्या पर्ने गरेको कर्मचारीहरुको गुनासो छ ।

वर्तमान कार्यालय प्रमुख कापडीले हाम्रो निगममा प्रत्येक दुई वर्षमा सरुवाको प्रावधान छ । तर, आवश्यक परेको खण्डमा कुनै बेला सरुवा हुन्छ तथा तोकिएको स्थानमा गएर काम गर्नुपर्छ भने । उनले भने, 'आफू पदबहाली भएर आएदेखि नै कार्यालयको कामलाई प्रभावकारी तथा व्यवस्थित बनाउनेतर्फ जोड दिएको छु ।' सो कार्यालयमा पेट्रोलियम ढुवानीकर्ता, पेट्रोलिय व्यवसायी तथा कर्मचारीबीचको विवादले कार्यालय प्रमुखको सरुवा हुने गरेको बताइको छ । सो कार्यालयले निगमको अमलेशगञ्ज डिपोबाट पेट्रोलियम पदार्थ ढुवानी गरेर धनुषा तथा महोत्तरी जिल्लामा रहेका पम्पहरुमा पेट्रोलिय पदार्थ बिक्री वितरण गर्दैआएको छ । कार्यालयले करिब ८० ट्र्याकङ्मार्फत पेट्रोलियम पदार्थ ढुवानी गर्दैआएको प्रमुख कापडीले जानकारी दिए । ट्र्याकङ्को ढुवानी खर्च निगमले उपलब्ध गराउने गरेको छ । रासस

# सिरहा–उदयपुर जोड्ने अन्तरप्रदेशीय नयाँ मार्ग खुल्ने



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको गोलबजारदेखि उदयपुरको कटारी–६ स्थित रिस्कुसम्मको झण्डै २२ किलोमिटर लामो अन्तरप्रदेशीय नयाँ सडक मार्ग खोलिने भएको छ । सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीद्वारा निर्माण गरिने यो सडक पूर्व–पश्चिम राजमार्गलाई चुरे क्षेत्र पार गर्दै मदन भण्डारी लोकमार्गमा जोड्नेछ । आयोजनाअन्तर्गत चालु आर्थिक वर्ष २०८२÷८३ मा प्रारम्भिक चरणका लागि तीन करोड बजेट विनियोजन गरिएको छ । सघन शहरी आयोजनाका इन्जिनियर उदयनारायण चौधरीले भने, 'सडक निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय मूल्याङ्कन तयार गर्न पाँच सदस्यीय सहयोग समिति गठन भइसकेको छ । अब हामी चाँडै नै सडकको काम शुरु गर्छौं । चालु आवमै करिब तीन किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य लिएको छौँ ।'

नयाँ सडकमार्ग गोलबजारको पुरानो चोहर्वा बजारबाट शुरु भई घुर्मी बजार हुँदै चुरेफेदीका बस्तीहरू पार गर्दै उदयपुरको रिस्कुसम्म पुग्नेछ । निर्माण पूरा भएपछि मदन भण्डारी राजमार्गसम्मको पहुँच सहज हुनेछ । अहिले रिस्कुवासीलाई सिरहाको मर्चैया वा सप्तरीको कदमहा बजार हुँदै लामो र घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ । यसले उनीहरूको समय, खर्च र ऊर्जा दुवै खर्चिन्थ्यो । नयाँ सडकले दुरी छोटो हुने र बजारसम्म पुग्न सहज हुने भएकाले विशेष गरी चाडपर्वको समय घरायसी सामान तथा लत्ताकपडा किनमेल गर्न गोलबजार जान झन्झट नहुने उनीहरू बताउँछन् । गोलबजार–१० निवासी क्षेत्रकुमार आले भन्छन्, 'सडक कालोपत्रे भएपछि यातायात सहज हुनेछ, व्यापार–व्यवसाय फस्टाउने र सहरी पूर्वाधारमा गति आउने विश्वास छ ।' गोलबजारका व्यापारी सञ्जय यादवले नयाँ सडकले पहाड र तराईबीच हुने ढुवानी सहज बनाउने बताए । यस सडकले उदयपुरको उत्पादनलाई गोलबजारको व्यापारिक केन्द्रसम्म ल्याउन र त्यहाँबाट तराईको उपज पहाड पठाउन सहज हुने भएकाले कृषि क्षेत्रको विकासमा टेवा पुग्ने उनको भनाइ छ । उनले भने, 'पहाडमा हुने उत्पादन तराईमा र तराईमा हुने उत्पादन पहाडमा पठाउन सजिलो हुनेछ । ढुवानी लागत कम हुँदा व्यापारमा प्रतिस्पर्धा बढ्नेछ ।' आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि पूर्वकानुनमन्त्री तथा प्रतिनिधिसभा सदस्य लिलानाथ श्रेष्ठ, मधेश प्रदेशसभा सदस्य मनोजकुमार सिंह, गोलबजार नगरप्रमुख श्यामकुमार श्रेष्ठ, सम्बन्धित वडाध्यक्षहरू तथा आयोजना इन्जिनियर चौधरीको सहभागितामा अनुगमन र समन्वयको संरचना बनाइएको छ । पूर्वमन्त्री श्रेष्ठले समितिलाई एक महिनाभित्र सडकको ट्रेस (मार्ग) निर्धारण गरी प्रतिवेदन पेस गर्न निर्देशन दिए । उनले भने, 'कामको जिम्मेवारी लिनेले निष्क्रिय बस्न मिल्दैन । समयमै काम सम्पन्न गर्नुपर्छ, नभए विगतझै बजेट फ्रिज भएर जान्छ । त्यसैले, सक्रियताका साथ लाग्न सबैलाई विशेष आग्रह गर्दछु ।' साथै उनले उदयपुरतर्फको कामका लागि जनप्रतिनिधिसँग समन्वय भइरहेको जानकारी दिए । सिरहा–उदयपुर जोड्ने यो अन्तरप्रदेशीय सडकमार्गले दुर्गम क्षेत्रलाई शहरी पूर्वाधारसँग जोड्नेछ । आवागमनमा सहजता ल्याउनुका साथै व्यापार, कृषि, पर्यटन र स्थानीय सेवा सुविधामा दीर्घकालीन प्रभाव पार्ने चोहर्वा बजार विकास समितिका अध्यक्ष नागेन्द्रकुमार महतोको भनाइ छ । रासस




# अस्पताल भर्ना बिरामीसम्मलाई बेडमै परिचय पत्र नविकरण



**मधेशदृष्टि**
**सप्तरी ।**
अशक्त भई हिँडडुल गर्न नसकि घर तथा अस्पतालमा उपचार गराइरहेका ज्येष्ठ नागरिक र शारिरीकरुपमा अशक्त भएकाहरुको सामाजिक सुरक्षा भत्ता कार्ड नविकरण कार्य सजिलो होस् भन्ने उदेश्यले राजविराज नगरपालिकाले थालेको घरघरमै पुगेर परियचपत्र नविकरण गर्ने कार्यलाई बुधवार पनि निरन्तरता दिइएको छ । यस क्रममा बुधवार कार्यवाहक नगरप्रमुख इसरत परवीनको नेतृत्वमा पुगेको टोलीले स्थानीय छिन्नमस्ता अस्पतालमा उपचारार्थ भर्ना भएका राजविराज–७ का ८५ वर्षीय हरिनारायण लाल देवलाई अस्पतालको बेडबाटै सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गरिदिएको हो । नविकरणका लागि आवश्यक पर्ने आवेदन फारम, नगरपालिका कार्यालयमा दर्ता रहेको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सुचि, ल्यापट लगायतका समाग्री साथमै लिएर नगरपालिका कार्यालयका कर्मचारी सहितको टोली अस्पताल पुगेको थियो । खुट्टाको शल्यक्रिया भएको देवलाई लामो समयसम्म अस्पतालमा बस्नुपर्ने चिकित्सकको सल्लाहका कारण भत्ताको परिचयपत्र नविकरण गर्न नपाइरहेको देवले उपचार गरेकै ठाँउमा टोलीसहित आएर नगरपालिकाले परिचयपत्र नविकरण गरिदिएकोप्रति खुशी व्यक्त गरे । सामाजिक सुरक्षा भत्ता नियमावली अनुसार लाभग्राहीले भदौ मसान्तसम्म स्वयम नगरपालिका वा वडा कार्यालयमा पुगेर परिचयपत्र नविकरण गर्नु पर्ने प्रावधान छ । तर, गत वर्ष केही ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अस्पतालमा उपचारका लागि भर्ना भएकाहरु कार्यालयमा पुग्न नसक्दा भत्ताबाट वञ्चित भएको देखेपछि घर र अशक्त भई अस्पताल भर्ना भएकै ठाउँमा टोली लिएर परिचयपत्र नविकरण कार्य गर्न थालिएको कार्यवाहक नगर प्रमुख परवीनको भनाइ छ । अघिल्लो दिन मंगलवार वडा नं.७ बाट शुरु भएको यो अभियान दोस्रो दिन वडा नम्बर–४ मा चलाइएको तथा भदौ मसान्तभित्र नगरका सबै वडामा पुग्ने उनको कथन छ । सामाजिक सुरक्षा भत्ता पाउने योजना लाभग्राही मध्ये कोही पनि नागरिक नछुटुन् भन्ने उदेश्यले नगरपालिकाले चलाएको घरदैलो अभियानअन्तर्गत २ दिनको अवधिमा वडा नं ७ र वडा नं ४ का गरी एक दर्जन भन्दा बढी बृद्धबृद्धा, शारिरीकरुपमा अशक्त तथा विरामीहरुको सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन